का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ असार २०७९,
शनिबार
2 July 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २०, अंक १४७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नीति बदल्दै एमाले

नेकपा एमाले आसन्न प्रदेश र संघीय चुनावी तालमेलको कसरतमा जुटेको छ । पाँच दलीय सत्ता गठबन्धन फुट्ने नदेखेपछि एमाले गठबन्धन बाहिरका साना दलहरुसँगको तालमेलको कसरतमा जुटेको हो ।





**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १७ असार ।

नेकपा एमालेले पाँच दलीय सत्ता गठबन्धन बाहिरका दलहरुसँगको संवाद बढाएको छ । एमाले नेताहरुका अनुसार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र सिके राउत नेतृत्वको जनमत पार्टीसँग गठबन्धन नै बनाउने गरी गृहकार्य अगाडि बढेको छ । यसका अलावा रेशम चौधरीले गठन गरेको नागरिक उन्मुक्ति पार्टी, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टीलगायतसँग पनि एमालेले गठबन्धन नै गर्ने गरी छलफल अगाडि बढाएको छ ।

आसन्न संघीय र प्रदेशसभा निर्वाचनमा पाँच दलीय सत्ता गठबन्धन कायम रहने आंकलन गरेर एमाले पाँच दलीय गठबन्धन बाहिरका साना दलहरुसँग तालमेलको कसरतमा जुटेको हो ।

अमेरिकी सहयोग सम्बन्धी एमसीसी, अमेरिकी स्टेट प्रोग्राम पाटनरसिप प्रोग्राम (एसपीपी) को विषयलाई लिएर गठबन्धन टुटाउने प्रयास भएको थियो । एमसीसी पारित गर्न दिन र नदिन दुबैका लागि गठबन्धन टुट्दा तयार हुने एमाले कार्ड त्यसबेला फेल खाएको थियो । माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले लचक भएर व्याख्यात्म घोषणामार्फत एमसीसी स्वीकार गरेपछि एमालेको गठबन्धन टुटाउने – बाँकी पृष्ठ २ मा

शेखर समूहको भेला

# देउवाको चर्को आलोचना

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ असार ।

नेपाली कांग्रेसका नेता शेखर कोइराला समूहले दुई दिने भेला सम्पन्न भएको छ । दुई दिनसम्म राजधानीमा चलेको एक पक्षीय भेलामा मुख्यत पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको चर्को आलोचना भयो । भेलाले सरकारको कामकारबाहीमाथि नै गम्भीर आरोपहरु लगाएको छ ।

किसानहरुले समयमा मल बिउ समेत नपाउने स्थिति सिर्जना हुनुलाई गम्भीर रुपमा लिँदै भेलाले सरकारले जनजीविकाका मुद्दालाई सम्बोधन गर्न नसकेको, जनतालाई राहत दिन नसकेको निष्कर्ष निकालेको छ ।

यस्तै प्रतिपक्षीमा हुँदा पार्टीले निरन्तर उठाएको विषयलाई सरकारमा गएपछि सम्बोधन नगरिनुले अविश्वास पैदा भएको भेलाको निष्कर्ष छ ।

तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले आफुमा शक्ति केन्द्रीकृत गर्दै राजश्व अनुसन्धान, सम्पत्ति सुद्धिकरण, राष्ट्रिय अनुसन्धान विभाग लगायत प्रधानमन्त्री मातहतबाट ल्याएको थियो । ओलीले यस्तो कदम चाल्दा प्रतिपक्षमा बसेर ब्यापक बिरोध गरेको कांग्रेसले आफैं सरकारमा गएपछि भने त्यसलाई हटाउने प्रयास गरेको छ । जबकी कांग्रेसले ओलीले केन्द्रीतृत गरेका शक्तिलाई विकेन्द्रिकृत गर्ने संस्थागत निर्णय गरेको थियो । 'कांग्रेस सरकारमा गएको एब वर्षसम्म पनि यि निकाय प्रधानमन्त्री कार्यालय मातहत – बाँकी पृष्ठ २ मा

नेपाली काग्रेसका नेता शेखर कोइराला समूहले दुई दिनसम्म राजधानीमा छुट्टै भेला गऱ्यो । भेलामा मुख्यत पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको चर्को आलोचना भयो । भेलाले सरकारको कामकारबाहीमाथि नै गम्भीर आरोपहरु लगाएको छ ।



# ठगीतन्त्र नचलाउन व्यवसायीलाई मन्त्री कुँवरको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असार

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले मुलुकमा रोजगारी सिर्जना गरी वैदेशिक रोजगारमाथिको दबाब घटाउन केन्द्रित हुने बताएका छन् । बिहीबार मन्त्रालयमा वैदेशिक रोजगार पत्रकार समाजले नवनियुक्त मन्त्री कुँवरलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री कुँवरले उक्त कुरा बताएका हुन् ।

रोजगार, सामाजिक सुरक्षा र वैदेशिक रोजगार आफ्नो प्रमुख एजेन्डा रहेको भन्दै मन्त्री कुँवरले वैदेशिक रोजगारीमा हाल ४५ लाख नेपाली मुलुक बाहिर रहेको र उक्त संख्या घटाउँदै लैजानुपर्छ भन्ने मान्यतामा आफू रहेको बताए । उनले भने, 'वैदेशिक रोजगारले नेपाली समाजलाई फाइदा गरेको छ, तर यसले कति घाटा छ भन्ने पनि ध्यानमा राख्नुपर्छ, जग्गा बाँझो बसेकाले सबै वस्तु आयात गरेर चलाउनुपर्ने अवस्थामा देश पुगेकाले यसलाई परिवर्तन गर्नुपर्ने छ ।'

मन्त्री कुँवरले आफू रोजेर श्रममन्त्रीको जिम्मेवारीमा नआएको भन्दै आफूले पार्टीको नीति निर्देशन अनुसार मन्त्रालयको कर्मचारी टीमसँग मिलेर काम गर्ने बताए ।

मध्यान्ह दैनिकको एक प्रश्नमा मन्त्री कुँवरले भने, 'म रोजेर यो मन्त्रालयमा आएको होइन, मेरो चाहना त जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माणसँग सम्बन्धित मन्त्रालय थियो । वैदेशिक रोजगारका विषयमा धेरै जानकारी पनि छैन, तर इमानदारिताका साथ काम गर्नेछु ।'

ठगीको विषयलाई कसरी कानूनको दायरामा ल्याउने भन्नेमा आफू केन्द्रित भएको भन्दै मन्त्री कुँवरले म्यानपावर कम्पनीहरू कामदार नठगिउन् भन्ने विषयमा सचेत र इमान्दार हुनुपर्ने बताए । 'फाईदाबिना व्यापार हुँदैन,' मन्त्री कुँवरले भने, 'तर विपन्न अवस्थामा रहेका दाजुभाइ ठगिनु भएन, ठगी रोक्न सरकारी – बाँकी पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

## ठगीबाट बचाउन निर्देशन

**काठमाडौं/मस–** नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले विपन्न अवस्थाका कारणले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा रहेका युवायुवतीलाई ठगीबाट बचाउन निर्देशन दिएका छन् । शुक्रबार बिहान बुद्धनगरस्थित वैदेशिक रोजगार विभागको निरीक्षणमा गएका मन्त्री कुँवरले कर्मचारीहरूलाई उक्त निर्देशन दिएका हुन् ।

बिहान सवा नौ बजे नै सचिव एक नारायण अर्याललाई लिएर विभाग पुगेका मन्त्री कुँवरले – बाँकी पृष्ठ २ मा



# माग्ने निषेधित काठमाडौं !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ असार ।

काठमाडौं महानगरपालिकाले सडकमा बसेर भिक्षा माग्न पुन निषेध गरेको छ । महानगरपालिकाले सूचना जारी गर्दै महानगर क्षेत्रभित्रका सडक, गल्ली, पार्क, बस बिसौनी, सरकारी कार्यालय परिसर, सार्वजनिक गाडी र अन्य सार्वजनिक ठाउँमा भिक माग्न निषेध गरेको हो । साधु, सन्त, जोगी वा भिक्षुलाई सनातनदेखि चली आएको परम्परअनुसार घर घरमा पुगी भिक्षा माग्न वा धार्मिक तथा सांस्कृतिक कार्यका लागि भिक्षा माग्न भने रोक नलगाइने सूचनामा उल्लेख छ ।

'महानगरपालिका क्षेत्र भित्रको सडक, गल्ली, पार्क, सवारी बिसौनी स्थल, सरकारी कार्यालय वा कार्यालयको परिसर, सार्वजनिक सवारीसाधन र अन्य सार्वजनिक स्थानमा कसैले भिक्षा माग्न वा बालबालिकालाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने बहानामा वा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१८ असार २०७९, शनिबार
2 July 2022, Saturday

# राष्ट्रिय स्वतन्त्र पार्टी आयोगमा दर्ता

काठमाडौं/मस- निर्वाचन आयोगले रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी दर्ता गर्ने निर्णय गरेको छ। केही दिनअघि लामिछाने नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी दल दर्ताका लागि निवेदन दिइएको थियो। उक्त निवेदनमाथिको अध्ययनपछि शुक्रबार आयोगले दर्ता गर्ने निर्णय गर्दै प्रमाणपत्रसमेत दिएको छ।

१८७ दर्ता नम्बर रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक दल दर्ता प्रमाणपत्रमा 'राष्ट्रिय स्वतन्त्र पार्टी नामक राजनीतिक दलसम्बन्धी ऐन, २०७३ दफा ४ र ५ बमोजिम निर्वाचन आयोगमा दर्ता गर्नेगरी आयोगबाट असार ३ मा निर्णय भएकाले यो प्रमाणपत्र दिइएको' उल्लेख छ।



### २१ केन्द्रीय सदस्य

पार्टीले शुक्रबार नै २१ सदस्यीय केन्द्रीय कार्यसमिति सदस्यको नाम सार्वजनिक गरेको छ। आयोगले दर्ताको प्रमाणपत्र दिएपछि पार्टीका प्रवक्ता मुकुल ढकालले एक विज्ञप्ति जारी गरी केन्द्रीय समितिका २१ जनाको नाम सार्वजनिक गरेका हुन्।

सदस्यहरूमा डोलप्रसाद अर्याल, कविन्द्र बुर्लाकोटी, दीपकराज बोहरा, विपिन कुमार आचार्य, महेश्वर घिमिरे, बसुमाया तामाङ, उपेन्द्र पाण्डे, इश्रा मुल्ला मिया, गणेश पराजुली, सोबिता गौतम, कुसुम महर्जन, विष्णु कुमार श्रेष्ठ, रामकृष्ण भट्टराई, डा. प्रभात अधिकारी, गीता रेग्मी, डा. राकेश यादव, प्रमिला कलुजु, रविना घिमिरे र एलिजा गुरु छन्।

जसमा प्रवक्ता बाहेक पदाधिकारी हुने छैनन्। पार्टीको पहिलो बैठकबाट ढकाललाई प्रवक्ताको जिम्मेवारी दिइएको थियो। प्लेन तदर्थ समितिको बनाएको राष्ट्रिय स्वतन्त्र पार्टीले भातृ संगठन पनि नबनाउने नीति लिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले एक वर्षपछि पार्टीले महाधिवेशन गर्ने जनाएको छ। महाधिवेशन नभएसम्म सभापति र प्रवक्ता बाहेकका पदाधिकारी हुने छैनन्।

# न्यूजिल्याण्डमा नेपाली युवाको मृत्यु शव ल्याउन सहयोगको अपिल

काठमाडौं/मस- न्यूजिल्याण्डमा सवारी दुर्घटनामा परी एक नेपाली युवाको मृत्यु भएको छ। सुनसरी इनरूवा घर भई न्यूजिल्याण्डको साउथ आईल्याण्डस्थित एसबर्टनको एक डेरी फार्ममा कार्यरत सुवास घिमिरेको क्वाड बाइक दुर्घटनामा परि ज्यान गएको हो। गैर आवासीय नेपाली संघ न्यूजिल्याण्डले घिमिरेको सम्पूर्ण परिवार नेपालमै भएकाले उनको पार्थिव शरीर नेपाल पठाउने सहयोग संकलन शुरू गरेको छ। पार्थिव शरीर नेपाल पठाउने प्रकृया निकै खर्चिलो भएको र घिमिरेको परिवारले सो प्रक्रियामा लाग्ने खर्च व्यहोर्न नसक्ने भएकाले गैर आवासीय नेपाली संघ न्यूजिल्याण्डले सहयोग अभियान शुरू गरेको हो।



उसले नेपाली संघ संस्था, व्यक्तिसमक्ष सहयोगको अपिलसमेत गरेको छ। एनआरएन न्यूजिल्याण्डले संकलित रकमको विवरण सार्वजनिक गर्ने र सोही प्रयोजनका लागि खर्च गर्ने बताएको छ।

# कृष्णनगरमा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, १७ असार

कपिलवस्तुको कृष्णनगर नगर पालिका वडा नं ८ मा स्मार्ट कृषि गाउँ कार्यक्रम अन्तर्गत लौहरौला स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिको सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको एक समारोहकाबीच प्रमुख अतिथि कृष्णनगर नगरपालिका नगरप्रमुख रजत प्रताप शाहले उद्घाटन गरेका थिए।

स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति संयोजक जाकिर हुसेनको अध्यक्षतामा भएको कार्यक्रममा कृष्णनगर नगर पालिका वडा नं ८ वडाध्यक्ष नूर मोहम्मद खाको विशेष आतिथ्यता रहेको थियो।

कार्यक्रममा वडा सदस्य सुनिल चौधरी, कृषि ज्ञान केन्द्र बाली संरक्षण अधिकृत सत्यराम हरिजन, कृषि ज्ञान केन्द्रका रवीन्द्र नाथ चौबे, अतिथिमा कृष्णनगर नगरपालिका कृषि शाखा प्रतिनिधि र कृषि अफिसर प्रविना अचार्य लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नगरप्रमुख शाहले स्मार्ट कृषि गाउँ नगरपालिकाभित्र रहनु आफैमा सराहनीय रहेको, उक्त गाउँमा कृषि आधुनिकीकरण अनुसार बालीको उब्जनी बढेको भन्दै नगरपालिकाबाट कृषि क्षेत्रको विकासमा हुन सक्ने हरेक सम्भव प्रयास गरिने बताए।

कार्यक्रममा सिँचाई स्मार्ट कार्यक्रम, जलवायु स्मार्ट कार्यक्रम, हाइब्रिड जातको धान बिउ खरिद, खाद्य पोषण स्मार्ट कार्यक्रम, प्रविधि स्मार्ट, बजार स्मार्ट लगायतको विषय यस लोहरौला स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति अन्तर्गत राखिएको सो अवसरमा जानकारी गराइएको थियो।

कार्यक्रममा वक्ताहरूले आधुनिक प्रविधि, हाइब्रिड बिउ, उचित मलको प्रयोग लगायतले बालीनालीको उब्जनी बढेको बताएका थिए।

कार्यक्रम संचालन कृषि ज्ञान केन्द्र तौलिहवाका योजना अधिकृत शिव पूजन गुप्ताले गरेका थिए। कार्यक्रमका अध्यक्ष जाकिर हुसेनले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।

# 'समृद्धिका लागि शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिनुपर्छ'

काठमाडौं/मस- मन्त्रिपरिषद्को कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले मुलुकको आर्थिक समृद्धिका लागि शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिनुपर्ने बताएका छन्। कोटेश्वरस्थित काञ्जिरोवा राष्ट्रिय माविको २५औं वार्षिकोत्सव कार्यक्रममा राज्यमन्त्री श्रेष्ठले शैक्षिक गुणस्तरलाई सुधार गर्दै दक्ष र योग्य जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगारी सिर्जना गर्न सकिए समृद्धिको आधार तयार हुने जनाएका हुन्।

शिक्षासेवीसमेत रहेका श्रेष्ठले नेपालमै उत्कृष्ट शिक्षा सम्भव छ भन्ने सन्देश अन्तर्राष्ट्रिय समुदायलाई दिन काञ्जिरोवा स्कुल पनि एक उदाहरण भएको चर्चा गरे। उच्च शिक्षालय तथा विद्यालय संघ (हिसान)का अध्यक्ष रमेशकुमार सिलवालले शिक्षामा निजी क्षेत्रले दिएको योगदानको उल्लेखनीय भएको र भविष्यका पुस्तालाई सक्षम बनाउने माध्यम नै शिक्षा क्षेत्र भएको उल्लेख गरे।

कार्यक्रममा विद्यालयमा लामो समय योगदान दिने शिक्षक कर्मचारी र उत्कृष्ट विद्यार्थी तथा कक्षा १० र १२ को एसइई परीक्षाका गत वर्षमा सफल भएका विद्यार्थीलाई विद्यालयका अध्यक्ष अम्बिकाप्रसाद पौडेलबाट सम्मान गरिएको थियो। विद्यालयका कार्यकारी निर्देशक महेन्द्र खनालले विद्यालयले शैक्षिक गुणस्तरलाई जीवनोपयोगी बनाउन सूचना प्रविधि र आविष्कारका क्षेत्रमा कार्यरत संस्थासँगसमेत सहकार्य गरिएको बताए।

विद्यालयका प्रिन्सिपल रञ्जित थापाले २१औं शताब्दी अनुकूल सीप र विकासमा केन्द्रित ज्ञान हासिल गराई अनुशासित नागरिक उत्पादनको लक्ष्य लिइएको जनाए। विसं २०५५ मा काठमाडौं डोनबस्को माविका नामबाट सो विद्यालय सञ्चालित भएको थियो।

## नीति...

प्रयास बिफल भएको थियो। एसपीपीमा पनि एमालेले गठबन्धन टुटाउने प्रयास गरेको थियो। माओवादी केन्द्रका नेताहरुसँग संवाद बढाएर एमालेले एसपीपी अगाडि बढ्न नदिनका लागि गठबन्धन टुटाउने शर्तमा साथ दिने बाचा दिएको थियो। संसदमा पनि सुरुमा माओवादी, एमाले सांसदहरुले एक भएर एसपीपीको विरोध गरेका थिए। प्रष्ट नबोलेर एसपीपीको पक्षमा उभिएको कांग्रेसले कम्युनिस्टहरु एक हुने र गठबन्धन टुट्न सक्ने आंकलन गरेर लचक हुने नीति लियो। र एसपीपी अगाडि नबढाउने निर्णय मन्त्रिपरिषदबाटै गर्‍यो। उल्टै एमाले अध्यक्ष ओली प्रधानमन्त्री हुँदा एसपीपीलाई लेखिएको पत्र सार्वजनिक गरेर एमालेले उठाउने खोजेको प्रश्नलाई उसै भएतिर फ्याकिदियो।

घटनाक्रमले पाँच दल एक भएर नै प्रदेश र स.घीय चुनावमा जाने भएपछि विकल्पमा रुपमा एमालेले पाँच दल बाहिरका दलहरुसँग तालमेल नै गरेर जाने गरी गृहकार्य अघि बढाएको हो।

तर, नेताहरुका अनुसार एमालेले संवाद अगाडि बढाएका दलहरुले एमालेसँगै तालमेल गर्ने बचन भने दिइसकेका छैनन्। लोसपाले चुनावी तालमेलका लागि पहिलो प्राथमिकतामा कांग्रेस र जसपासहितको लोकतान्त्रिक गठबन्धनलाई राखेको छ। यो संभावना नरहने स्थितिमा मात्रै लोसपा एमालेसँग तालमेलका लागि तयार हुनेछ। एमालेसँग मात्रै नभएर लोसपाका नेताहरु कांग्रेस नेताहरुसँग पनि संवादमा छन्। लोसपाका अध्यक्ष महन्थ ठाकुरले प्रधानमन्त्री तथा कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेरै चुनावी तालमेलको प्रस्ताव राखेका छन्। कांग्रेस पनि पाँच दलीय गठबन्धनबाट बाहिर ननिस्कने स्थिति देखेपछि लोसपाका नेताहरु एमाले नेताहरुसँग संवादमा अगाडि बढेका हुन्।

दुई नम्बर प्रदेशमा लोसपासँगको मात्रै तालमेले नपुग्ने ठानेर एमालेले जनमत पार्टीसँग समेत संवाद अगाडि बढाएको छ। नेताहरुका अनुसार तीनै दलका नेताहरुबीच कुराकानी पनि भइरहेको छ।

यसका अलावा रेशम चौधरीले गठन गरेको नागरिक उन्मुक्ति पार्टी, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टीलगायतसँग पनि एमालेले गठबन्धन नै गर्ने गरी छलफल अगाडि बढाएको छ।

नागरिक उन्मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टीलगायतसँग तालमेल हुन नसके पनि लोसपा र एमालेबीच चुनावी गठबन्धन हुने लगभग निश्चित भएको नेताहरु बताउँछन्। यसमा कम्तिमा सीके राउत नेतृत्वको जनमतलाई समावेश गराउने एमालेको प्रस्ताव छ। एमाले र जनमत पार्टीबीच यस विषयमा सामान्य छलफल समेत भइसकेको। छलफल सकारात्मक रहेको दुबै दलका नेताहरु बताउँछन्।

एमाले र लोसपाले आपसमा गठबन्धन बनाउने निश्चित गरेर सत्ता गठबन्धन भत्काउनुलाई साझा लक्ष्य बनाएको नेताहरु बताउँछन्। सत्ता गठबन्धन भत्किएमा त्यहाँबाट बाहिरिने केही दललाई ल्याएर नयाँ गठबन्धन बनाउने सोच एमाले र लोसपाको रहेको नेताहरु बताउँछन्।

एमालेका उपाध्यक्ष विष्णु पौडेल गठबन्धनको प्रयास भएको स्वीकार्छन्। तर, निर्णय भइनसकेका उनको जवाफ छ।

लोसपाका कार्यकारिणी सदस्य जितेन्द्र सोनल पनि गठबन्धन बनाउने मनस्थितिमा पार्टी रहेको बताउँछन्। तर, गठबन्धनको मोडालिटी तयार नभएको जवाफ फर्काउँछन्।

जनमत पार्टीका महासचिव चन्दन सिंह गठबन्धनका लागि आफ्नो पार्टी खुला रहेको बताउँछन्।

## शेखर...

राखिनु पार्टीको प्रतिबद्धता विपरीत भएको हो' शेखर समूहको निष्कर्या छ।

यस्तै, बजेट बनाउने बेला आर्थिक सुशासनको खिल्ली उडाइएको, ब्यापक नीतिगत भ्रष्टाचार गरिएको निष्कर्ष निकालेर सरकारमाथि गम्भीर आरोप लगाइएको छ।

परराष्ट्र नीतिमा सरकार सफल हुन नसकेको भन्दै सरकारको विदेशनीतिमै प्रश्न उठाइएको छ।

यी सब गल्तिकबा पछाडि पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा पार्टीको भन्दा पनि पाँच दलीय सत्तागठबन्धनको सभापति भएर हिँडेको शेखर समूहको आरोप छ।

सरकार र पार्टीलाई सही दिशामा अगाडि बढाउनका लागि हरेक प्रदेश, पालिकामा दबाबमुलक कार्यक्रम गर्ने यो समुहको निर्णय छ। तर भेलाले समानान्तर कमिटी नै बनाउने नीति भने लिएको छैन्।

यसतै पार्टीका आन्तरिक काममा पनि सभापति देउवाले ध्यान नदिँदा पार्टीमा बैचारिक धार कमजोर भएको शेखर समुहको निष्कर्ष छ। यही निष्कर्ष अनुसार देशब्यापी अभियान चलाउने र त्यसका लागि कार्यक्रम नै बनाएर जाने नीति भेलाले लिएको नेताहरुले जानकारी दिएका छन्।

## माग्ने...

दिई भिक्षा माग्न वा माग्न दुरुत्साहन नगर्न तथा नगराउन काठमाडौं महानगरपालिका नगर सभा ११औं अधिवेशनबाट स्वीकृत नीति समेतका आधारमा यो सूचना प्रकाशित गरिएको छ', सूचनामा उल्लेख छ।

१० दिनभित्रमा उल्लेखित सार्वजनिक स्थानमा भिक्षा माग्ने वा माग्न लगाउने कार्य गरेमा सम्बद्ध सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा १२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानून बमोजिम कारबाही गरिने महानगरले भनाई छ।

यद्यपि, असहाय, बिरामी, बेवारिसे, अशक्त लगायतले पनि सडकमा भीक माग्न नपाउने भएका छन्। उनीहरुको मानव सेवा आश्रमसँग सहकार्य गरी व्यवस्थापन गर्दै आएको महानगरले जनाएको छ। 'यो पेसामा सन्तान धेरै हुने र रुग्ण शरीर हुनेको महत्व धेरै हुन्छ। सडकपेटीमा युनिट-युनिटका दरले उनीहरू माग्न बस्छन्। एउटा युनिटमा कम्तीमा पाँचजना बालबालिका सहभागी हुन्छन्। एउटाले कम्तीमा पनि दैनिक आठ सयदेखि एक हजार रुपैयाँ संकलन गर्छ। यही दरमा पाँचजनाबाट एकै दिनमा पाँच हजार रुपैयाँ जम्मा हुन्छ। मगन्तेहरूका लागि यो आकर्षक कमाइ हो,' चाईल्ड नेपालका प्रमुख कृष्ण सुवेदीले जानकारी दिए। सडकमा खटिएको एउटा युनिटले मात्रै कम्तीमा चार देखि पाँच हजार रुपैयाँ दैनिक संकलन गर्ने बालबालिका खोजतलास तथा समन्वय केन्द्रले जनाउँदै आएको छ।

### फेरि उहीं निर्णय

पटकपटक काठमाडौं महानगरपालिका र सरकार स्वयंले सडकमा भिख माग्नेलाई कारबाही गर्ने बताएपनि उक्त निर्णय भने कार्यान्वयनमा आउन सकेको छैन। गत २०७५ सालमा तत्कालीन केपी ओली सरकारले काठमाडौंको सडकपेटीमा बढ्दै गएका बेबारिसे बृद्धबृद्धा तथा भिख माग्नेलाई सरकारले व्यवस्थापन गर्ने र बेबारिसे बृद्धाबृद्धालाई बृद्धाश्रम पुर्याउने तथा भिख माग्नेलाई कारबाही गर्ने योजना बनाएको थियो। साथै पक्राउ गरिएको बृद्धाबृद्धालाई बृद्धाश्रममा राखिने र भिखारीको हकमा भने स्वदेशी र विदेशी छुट्याई कानुनअनुसार कारबाही गरिने सरकारको तयारी थियो। तर, उक्त निर्णय कार्यान्वयन नहुँदा अहिले सडकमा बालवालिकादेखि वृद्धवृद्धा समेत भेटिन थालेका छन्। हाल पनि काठमाडौंमा मात्रै चार सयको हाराहारीमा मगन्ते रहेको आकलन छ। उनीहरू अधिकांश भारतबाट आएको प्रहरीको तथ्यांकले देखाउँछ।

## ठगीतन्त्र...

निकाय कसरी बढी क्रियशील बनाउने त्यस विषयमा पनि गृहकार्य भइरहेको छ।'

एक प्रसंगमा नवनियुक्त मन्त्री कुँवरले वैदेशिक रोजगार व्यवसायीहरुसँग स्वच्छ र स्वस्थ व्यापार गर्न आग्रह गरे। 'यद्यपि मुनाफा बिनाको व्यापार हुँदैन,' मन्त्री कुँवरले भने, 'व्यवसायीहरु न्यायोचित व्यापार गर्नुहोस्, लुट र ठगीतन्त्र चलाउने होइन।'

'गोजीमा एक/डेढ लाख भएको व्यक्ति खाडीको चर्को घाममा पसिना बगाउन जाने रहर हुँदैन, त्यो एक/डेढ लाख उनीहरुले चर्को व्याजमा लिएका हुन्,' मन्त्री कुँवरले भने।

समाजका अध्यक्ष उद्धब भट्टराईको नेतृत्वमा गएको पत्रकारको टोलीमा समाजका निवर्तमान अध्यक्ष हरिबहादुर थापा तथा पूर्व अध्यक्ष, सल्लाहकार एवम् मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ लगायत कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू सहभागी थिए।

## ठगीबाट...

करिब आधा घण्टा कर्मचारीलाई सम्बोधन गरेका थिए। विभाग ठगी नियन्त्रणका विषयमा नै छलफल केन्द्रित रहेको मन्त्री कुँवरले बताए।

त्यस अवसरमा सचिव अर्याल र विभागका महानिर्देशक शेषनारायण पौडेलले वैदेशिक रोजगार प्रशासनलाई सुधार गर्न वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएको, व्यक्तिगत तथा संस्थागत ठगी नियन्त्रण गर्न विभागमा नेपाल प्रहरीको प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रहरी क्रियाशिलता बढाएको जानकारी गराएको छलफलमा सहभागी विभागका एक कर्मचारीले जानकारी दिए।

**निम्न किसिमका कागजपत्रहरू हराएको सूचना**

मिति २०७९/०३/०१ गते दिउँसो २:३० बजे बुधवारको दिन स्वयम्भुको बारुद खानाको गेट अगाडि स्वयम्भु गोरेटो बाटोमा कपडा चेन्ज गर्ने बेला मेरो हातमा रहेको डकुमेन्ट राखेर कपडा चेन्ज गरेर डकुमेन्टलाई छोडी झोला मात्र बोकी साथीलाई भेटेर घर फर्कादा डकुमेन्ट त्यही छुटेकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ।

हराएका डकुमेन्टहरुः
१. मेरो नागरिकता र बाबा आमाको नागरिकता
२. यु.एन.को प्रमाण पत्र
३. पल्टनमा विभिन्न किसिमको तालामी गरेको प्रमाण पत्र
४. विवाह दर्ता
५. छोरा छाराछोरीको जन्म दर्ता
६. बाजेको नाम सच्याएको प्रमाण पत्र
७. स्कुलको सर्टिफिकेट मार्कसिट
८. प्यान कार्ड
९. कोभिडको सुई लगाएको कार्ड
१० पासपोर्ट साईजको फोटोहरु
११. आमा बुबाको मृत्यु दर्ता

नामः खुसीराम चौधरी (नागरिकता नं. ८१२/६१५),
ठेगानाः दंगीसरण गा.पा.–३, दाङ, सम्पर्क नं.: ९८४७९४१०२७

**UAE मा रोजगार** | १. कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२६ चलानी नं.: ६०१७०१९७ LT. No.:253626 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baggage Handler/porter | 194 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३६,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 84 | | 800 | २६,३३६ | | | | | | | |
| 3. | Aircraft Cleaners | 36 | 0 | | 800 | २६,३३६ | | | | | | | |
| 4. | Security Guard | 47 | 0 | | 1600 | ५२,६७२ | | | | | | | |

**कतारमा रोजगार अवसर** | १.कम्पनी: ABRAJ QATAR GROUP शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/१४ चलानी नं.: ६०१६४५०० LT. No.: 246898 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१४१११२६, ०१४५६२६५१,

**सिद्धनाथ सा.ब.उ.समुह आलिताल गा.पा.६ को काठ लिलाम बिक्री सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/३/१८

डडेल्धुराको आलिताल गाउँपालिका वार्ड नं.६ मा रहेको सिद्धनाथ सा.व.उ.स.को वन क्षेत्रबाट आ.व.०७९/०८० मा उत्पादन भई सा.व.स को घाटगद्दीमा राखिएको सालको A ग्रेडको २ थानको ५१.०५ क्यू.फिट काठ ग्रेड B को २ थानको २७.०९ क्यूफिट C ग्रेडको थान २ को १५.३१ क्यूफिट काठ गरि जम्मा थान ६ र ९३.४५ क्यूफिट काठ छ। यसैगरी व्यपारीक प्रयोजनका लागि A ग्रेडको ६ थानको १५३.६३ क्यू.फिट काठ ग्रेड B को ७ थानको ८७.६४ क्यूफिट C ग्रेडको थान ७ को ५०.३६ क्यूफिट काठ गरि जम्मा थान २० र २९१.६३ क्युफिट काठ रहेको अबगत गराईन्छ। यसैगरी सल्लो प्रजातीको काठलाई व्यपारीक प्रयोजनका लागि A ग्रेडको ५५ थानको १२१०.३१ क्यू.फिट काठ ग्रेड B को ७१ थानको ६८४.३० क्यूफिट गरि जम्मा थान १२६ को १८९४.६१ क्युफिट काठ रहेको छ। काठ जे जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री वितरण गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ब्यहोरा अबगत गराईन्छ।

अध्यक्ष

**चम्पादेवी गाउँ कार्यपालिकाको कार्यालय**
**कालिका, ओखलढुङ्गा**

**वोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

(सूचना प्रकाशित मिति २०७९/०३/१८)

चम्पादेवी गाउँपालिकाको कार्यालय कालिका ओखलढुङ्गामा मिति २०७९/०२/३० गते दोस्रो पटक तपसिल बमोजिम कार्य सम्बन्धी (e-Bid) बोलपत्र मार्फत आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र दाता न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| 1 | CDRM/NCB/Works/08/2078-079 | The Procurement of Electric Steel Poles for Champadevi Rural Municipality | INTER-TECH (Pvt.) Ltd. Butwal –12 Rupandehi | Nrs. 1,19,91,700 |

नि.प्रमुख प्रशासकिय अधिकृत

# कानून परिपालना गराउन कानूनी शिक्षाको अहम् भूमिका : राष्ट्रपति




**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले कानूनी शिक्षा नै कानूनी शासन स्थापनाका लागि प्रमुख आधार भएको बताएकी छन्।

त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस नेपाल ल क्याम्पसको ६८औं स्थापना दिवसका अवसरमा आयोजित समारोहमा राष्ट्रपति भण्डारीले संविधान र कानूनका बारेमा समाजमा जनचेतना अभिवृद्धि गराई कानूनको परिपालना गराउन विश्वविद्यालयमा कार्यरत कानूनका प्राध्यापक तथा अध्ययनरत विद्यार्थीको अहम् भूमिका रहनेमा जोड दिइन्।

विश्वविद्यालयका प्राध्यापकहरूले मुलुकमा भइरहेको संवैधानिक एवं कानूनी अभ्यासका क्रममा यदाकदा देखिने विचलनहरूका बारेमा समेत प्राज्ञिक विमर्शमार्फत कानून तर्जुमा, न्याय निरुपण र कार्यान्वयनसँग सम्बद्ध निकायहरूहरूलाई निगरानीका साथै पृष्ठपोषणसमेत गर्नुपर्ने उनको भनाइ छ।

उनले भनिन्, 'मुलुकलाई आवश्यक पर्ने नयाँ युगको नयाँ चुनौतीहरूको सामना गर्नसक्ने दक्ष कानुनी जनशक्ति उत्पादन गर्नका लागि आवश्यक भौतिक तथा संस्थागत पूर्वाधारको विकास गर्दै कानूनी शिक्षालाई युग सापेक्ष बनाउँदै अगाडि लैजान अति आवश्यक छ। कानूनी शिक्षा मूलतः नागरिकको जीवन, स्वतन्त्रता, प्रतिष्ठा र सम्पत्तिसँग प्रत्यक्ष जोडिएको व्यावहारिक र व्यावसायिक शिक्षा भएकाले यसमा ज्ञान, सीप, विवेक र नैतिकताको सम्मिश्रण हुन अत्यन्तै आवश्यक हुन्छ भन्ने मेरो विश्वास रहेको छ।' समारोहमा राष्ट्रपति भण्डारीले उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार प्रदान गर्नाका साथै क्याम्पसबाट प्रकाशित स्थापना दिवस स्मारिकाको पनि लोकार्पण गरिन्।

यस्तै 'नेपाल ल क्याम्पस स्वर्ण सम्मान' डा.सूर्य सुवेदीलाई प्रदान गरिएको थियो। समारोहमा कामु प्रधानन्यायाधीश दीपककुमार कार्की, संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ लगायतको उपस्थिति रहेको थियो। त्रिभुवन विश्वविद्यालयको स्थापनाअघि नै विक्रम संवत् २०११ मा स्थापित सो ऐतिहासिक क्याम्पसले मुलुकलाई आवश्यक पर्ने कानुन क्षेत्रका दक्ष र क्षमतावान् जनशक्ति उत्पादन गरिरहेको छ।

# महिला हिंसा अन्त्य गर्न सबै एकजुट हुन आवश्यक



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १७ असार

दैलेखमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी शुरु भएको छ। भगवतीमाई गाउँपालिकाको आयोजनामा, प्रदेश सुशासन केन्द्र सहयोगमा कार्यक्रम भगवतीमाईमा शुक्रबारबाट शुरु भएको हो।

शनिबारसम्म चल्ने कार्यक्रममा गाँउपालिकाका अध्यक्ष, उपाअध्यक्ष, वडाध्यक्ष, कर्मचारी, सहभागी छन्। स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमूखीकरण गर्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको प्रदेश सुशासन केन्द्रका जनक भट्टराईले जानकारी दिए।

यस्तै भगवतीमाई गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बखत बहादुर थापाले नीति, कानून योजना संस्थागत व्यवस्थापन मानव संशोधन तथा क्षमता विकास सेवा प्रभाव सुशासन तथा उत्तरदायित्व थप कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयलाई जोड दिए। तालिमले गाउँपालिकाभित्र बालबालिका तथा महिला हिंसाका घटनाको जोखिम न्यूनिकरण र पूर्व तयारीमा टेवा पुग्ने भएकाले बताउँदै उनले तालिममा सिकेका सीप र ज्ञानलाई व्यवहारमा कार्यान्यवन गरे मात्र तालिमले सार्थकता पाउने बताए।

कार्यक्रममा गाउँपालिका अध्यक्ष गणेश बहादुर थापाले स्थानीय तहमा मात्र नभई लैङ्कि समानता हरेक क्षेत्रमा हुनुपर्ने बताए। समुदायमा महिला हिंसा, अपाङ्गता बालशोषण र सामाजिक दुर्व्यवहार अन्त्यको लागी हामी सबै जुटेर अगाडि बढ्नु पर्नेमा उनले जोड दिए।

# ४० वर्ष कटेका एकल महिलालाई पनि सामाजिक सुरक्षा भत्ता



**काठमाडौं/मस-**४० वर्ष उमेर व्यतीत गरी एक्लो जीवन बिताइरहेका विवाहित वा अविवाहित महिलाहरुले पनि सामाजिक सुरक्षा भत्ता पाउने भएका छन्।

शुक्रबार संघीय संसद प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा 'सामाजिक सुरक्षा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक'माथिको छलफलमा त्यस्ता महिलाहरुलाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रावधान राख्न सहमति जुटेको हो।

त्यसैगरी सम्बन्ध विच्छेद गरेर श्रीमानको सम्बन्धमा १२ वर्षदेखि नरहेका विवाहित वा अविवाहित महिलाहरुलाई पनि एकल महिलाको परिभाषा भित्र राखेर सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रावधान पनि सर्वसम्मतिले पारित भएको समितिकी सचिव बबिता मिश्रले जानकारी दिइन्।

बैठकले नेपाल सरकारले पिछडिएका क्षेत्रका साथै कुनै निश्चित क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समेत त्यस्तो भत्ता उपलब्ध गराउन सक्ने प्रावधान समेत राखेको छ।

समितिले न्यून आय भएका तथा पालनपोषण र हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भएर पनि आर्थिक रुपले विपन्न अवस्थामा रहेका अन्य एकल महिलाहरुलाई पनि असहाय एकल महिला भत्ता दिने प्रावधान समेत पारित गरेको छ। त्यसैगरी सो घोषणागरी सामाजिक सुरक्षा भत्ता कसैले लिन नचाहेमा उसलाई राज्यले प्रसंशा पत्रसहित सम्मान गर्ने प्रावधान समितिबाट पारित गरिएको समितिकी सचिव मिश्रले बताइन्। बैठकमा सांसदहरुले सामाजिक सुरक्षा भत्ता लिन नचाहनेहरुलाई राज्यले सम्मान गर्नुपर्ने धारणा राखेका थिए।

# बहराइनको राजदूतमा तीर्थराज वाग्ले नियुक्त



**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले बहराइनका लागि नेपाली राजदूतमा तीर्थराज वाग्लेलाई नियुक्त गरेकी छिन्। राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा २८२ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा वाग्लेलाई बहराइनका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्त गरेकी राष्ट्रपतिको कार्यालयले जनाएको छ।

यस्तै, राष्ट्रपति भण्डारीले अमेरिकाका लागि आवासीय राजदूत प्रा. श्रीधर खत्रीलाई मेक्सिकोका लागि समेत गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गरेकी छन्। नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा खत्रीलाई मेक्सिकोका लागि गैरआवासीय राजदूत नियक्त गरिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

# काठमाडौं विश्वविद्यालय र प्याब्सनबीच सम्झौता




**ललितपुर/मस-** काठमाडौं विश्वविद्यालयको स्कुल अफ एजुकेशन र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) बीच मुलुकको शैक्षिक क्षेत्रका साथै शिक्षा सुधारका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ। शुक्रबार एक कार्यक्रमको आयोजना गरी एजुकेशनका डिन प्राडा बालचन्द्र लुइँटेल र प्याब्सनका राष्ट्रिय अध्यक्ष डिके ढुङ्गानाले सातै प्रदेशको शैक्षिक क्षेत्र सुधारका लागि सो पत्रमा हस्ताक्षर गरेका हुन्।

सो कार्यक्रममा डिन डा.लुइँटेलले मुलुकमा शिक्षा विषय अध्ययन गर्ने जनशक्ति कम हुँदै जाँदा शैक्षिक क्षेत्रमा लाग्ने विभिन्न विषयगत शिक्षक अभाव हुँदै गइरहेको गुनासो गरी हालका पिँढीमा नेपाल बस्नेप्रति रहेको नकारात्मक धारणा परिवर्तन गर्न जरुरी रहेको औंल्याए। उनले भने, 'सरकारले शिक्षामा नवीन कार्यको शुरुवात गर्न नसक्दा र निजी शैक्षिक क्षेत्रमा प्रशासनिक तन्त्र रहँदा मुलुकमा उत्पादन भइरहेका जनशक्तिमध्ये मात्र २५ प्रतिशत सरकारी क्षेत्रमा संलग्न भइरहेका देखिन्छन्।' अबको दिनमा शैक्षिक क्षेत्र विकास र विस्तारका लागि व्यापक दृष्टिको प्रयोग गर्न जरुरी रहेको उनको भनाइ छ।

यसैगरी अध्यक्ष ढुङ्गानाले प्याब्सनले शिक्षा र सो क्षेत्रका मानिसको दृष्टिकोणमा सकारात्मकता ल्याउन विभिन्न काम गर्न लागि परेको विचार व्यक्त गरे। उनले भने, 'हामीले कसरी मुलुकवासीमा गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छौं भन्ने लक्ष्यअनुरुप मुलुकका सामुदायिक विद्यालय सुधार गर्ने नीति लिएका छौं।' राष्ट्रका हरेक शैक्षिक संस्थामा आबद्ध शिक्षक गतिलो नभए शिक्षामा गुणस्तरीयता रहँदैन भन्ने धारणा राख्दै उनले सोका लागि सम्बन्धित क्षेत्रमा आवश्यक विशेषज्ञ तयार पार्न लागिपरेको सुनाए।

यसैगरी एजुकेशनका एसोसिएट डिन धनपति सुवेदीले मुलुकको शैक्षिक क्षेत्रमा रहेका हरेक विषयगत शिक्षकलाई सुधार गर्न के कस्ता सामग्री आवश्यक पर्छ सोको खोजी गरी शिक्षालाई रुपान्तरण गरिनुपर्ने जानकारी दिए।

प्याब्सन केन्द्रीय कार्यसमितिका उपाध्यक्ष टिआर ढकालले विद्यालय तहको शिक्षा हाल व्यापारीकरण भएर गइरहेको आरोप लगाउँदै सोलाई रोक्न मुलुकका हरेक शैक्षिक क्षेत्र सुधार गरिनुपर्ने बताए।

प्याब्सन केन्द्रीय तालिम संयोजक कृष्णप्रसाद अधिकारीले हरेक वर्ष भारत अध्ययन गर्न जाने मुलुकका १८ प्रतिशत विद्यार्थीलाई आफूहरुले सो अनुकूलको व्यवस्था मिलाई दिएर हाल मात्रै दुई प्रतिशतमा झार्न सफल भएको खुसी व्यक्त गरे। कार्यक्रममा मुलुकमा अघि बढिरहेको शिक्षा सुधार तथा सक्षम शैक्षिक जनशक्ति निर्माणका लागि शिक्षकको गुनासो सम्बोधन गरिनाका साथै शैक्षिक क्षेत्रमा आवश्यक जनशक्ति निर्माण गरिने बताइएको थियो।

## बैंकिङ कसुर मुद्दामा फरार रहेका २ जना पक्राउ

काठमाडौं/मस- बैंकिङ कसुर मुद्दाका फरार दुई जना अभियुक्तहरुलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा धादिङको नेत्रवती डबजोङ गाउँपालिका-५ घर भई काठमाडौंको तारकेश्वर नगरपालिका-१० मनमैजु बस्ने ३१ वर्षीय प्रेमबहादुर गुरुङ र महोत्तरीको लोहारपट्टि नगरपालिका-७ घर भई हाल ललितपुरको महालक्ष्मी नगरपालिका-१ इमाडोल बस्ने २८ वर्षीय गौरभ शर्मा रहेका छन्। उनीहरुलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले पक्राउ नियन्त्रण गरेको हो।


## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०६/२४ मा दर्ता भएको **प्रा.लि. नं. १४११९६** को **रिगो इन्फोर्मेशन टेक्नोलोजी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०३/१८

यस कम्पनीको मिति २०७८/११/२५ मा सम्पन्न विशेष साधारणसभाको बमोजिम साबिक कम्पनी **हाई-आर्ट नेपाल प्रा.लि. (प्रा.लि. नं. ९७१४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **माण्डु मो प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०४/०७ मा दर्ता भएको **प्रा.लि. नं. ४६९५९** को **ग्लोबल ब्याण्ड नेटवर्क प्रा.लि.** को मिति २०७९/०२/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०२/०९ मा दर्ता भएको **प्रा.लि. नं. १२२८७१** को **राजश्री अटोमोबाइल्स प्रा.लि.** को मिति २०७९/०२/१९ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०१/१९ मा दर्ता भएको **प्रा.लि. नं. १२२१३७** को **राजश्री ग्रुप प्रा.लि.** को मिति २०७९/०२/१९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## मलेसियामा रोजगार।

१. कम्पनी: **Q MAKER ENTERPRISE**
शहर : **PERAK**

पूर्व स्वीकृत मिति: २०७९/०३/१७ चलानी नं.: ६०१८२२८४ L.T. No.: 265368

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker(Manufacturing Sec) | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।**

श्रम इजाजत नं.: ८८०/०६७/०६८

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 01-5100475, 9851178332
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np

## अधिकृत बारेसनामा बदर गरिएको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७९/०३/१८*

भवानी प्रसाद श्रेष्ठको नाती शिव प्रसाद श्रेष्ठको छोरा जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं.१ बस्ने म राजेश प्रसाद श्रेष्ठ (ना.प्र.नं. ७६०६७२१०) जिल्ला प्रशासन कार्यालय सप्तरी मिति २०४२/०९/१२ ले मेरो नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता रहेको जिल्ला सप्तरी कल्याणपुर वा.नं. ७ कि.नं.१०८ क्षेत्रफल ०-०-९-० नौ धुर जग्गा बिक्री गरी हक हस्तान्तरण गर्ने प्रयोजनको लागि मिति २०७९/०३/१३ मा जिल्ला अदालत सप्तरी मार्फत भवानी प्रसाद श्रेष्ठको नाती ईन्द्र प्रसाद श्रेष्ठको छोरा जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं. १ गोपाल प्रसाद श्रेष्ठ (ना.प्र.नं ७६०८६९२९ जिल्ला प्रशासन कार्यालय सप्तरी मिति २०५२/१२/२९) बस्ने लाई अधिकृत बारेसनामा गरी दिएकोमा सो अधिकृत बारेसनामा मार्फत गराउनु पर्ने काम अव उप्रान्त म आफैले गर्ने हुँदा आजैको मितिबाट जिल्ला अदालत सप्तरीबाट मिति २०७९/३/१३ मा प्रमाणित गरिएको सो अधिकृत बारेसनामा बदर गरिएको छ। सोको सार्वजनिक जानकारीको लागि मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १५५ (ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**अनुसूची-१५**
**दफा ३३ को -दफा (२)संग सम्बधित**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०७९/०३/१८**

श्री चापानी गढीडाँडा सामुदायिक वन उपभोक्ता समूहको (साविक चौवास ५ र ६ हाल भुम्लु ४ काभ्रेपलाञ्चोक) वनबाट उत्पादन भएर घाटगद्दीमा विभिन्न लट बनाई राखिएको सल्ला र अन्य जातसमेत गरी काठ २८१ को ४८२१.९१ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५** दिनभित्र प्रत्येक लटको छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री चापानी गढीडाँडा सामुदायिक वन उपभोत्ता समूह**
**भुम्लु ४ काभ्रेपलाञ्चोक**

कथा

# ‘फिलिप्स रेडियो’को सम्झना



■ हेमराज अधिकारी

सन् १९८५-८६ को कुरा हुनुपर्छ । बाबा सरदार हुनुहुन्थ्यो । पेटी सरदार । फाइदा र मुनाफा अर्कैले लिन्थ्यो उहाँहरु खेतला लगाएर सानो-सानो काम ठेक्कामा लिएर गर्नुहुन्थ्यो । खोल्सामा जालिवाला तार ड्याम्म् लडाएको हुन्थ्यो । मजदुर लगाएर सो जाली खोल्सामा ढुङ्गासँग बाँध्नु पर्थ्यो । गाउँलेले बाबालाई सरदार भन्थे उतिबेला । अर्को कोहि एक व्यक्ति पनि थिए पार्टनरसीपमा । हिउँद भरी जाली वाल बुन्नुभयो । नाफा नोक्सान हामीलाई थाहा भएन । घरमा एउटा तार लुगा सुकाउनलाई ल्याएको त्यो पनि कुनले चोऱ्यो भन्नुहुन्थ्यो पछि । हिउँद भरी उक्त काम गरेर एउटा फिलिप्स रेडियो किन्नु भयो उहाँले । गाउँमा रेडियो धनी मान्छेहरूको घरमा मात्र हुन्थ्यो । त्यो रेडियो नेपाल हो भनेर किनेको उहाँले । बिहानी रेडियो नेपालको शंख धुनी, आरति र प्रवचन सुन्नलाई ल्याएको । पारी गाउँमा यस्तै एकजनाले रेडियो किनेको ब्याट्री लाएर बजाउदा “यो अल इन्डिया रेडियो हो” भनेछ । बिचरा ति मानिसले रेडियो नेपाल भनेर किनेको अल इन्डिया त चाहिएन भन्दै फर्काउन बजार लिएर गए रे भन्ने सुनेको । हसाउनु हुन्थ्यो बाबाले हामीलाई । त्यो रेडियो किनेको दिन हामी रातभर सुतेनौं । बाबा पनि सुत्नु भएन आधा रातसम्म ।



उतिबेला फौजी दाज्युभाईहरुले अल इन्डिया रेडियोमार्फत आफ्ना घर परिवारलाई सन्देश दिन्थे । “म फलानो कमान्डको फलानो जवान सिपाही, मेरो फलानो ठेगानामा घर हो मेरो बाबा फलानो हो, यो सन्देश सुन्नुहुने कसैले पनि मेरो घरमा सन्देश दिनुहोला, म सन्चै छु” भनेर सिपाहीहरु बोल्थे । हामी फौजी जवानको त्यो सन्देश सुनेर खुब रुन्थ्यौं । हृदय फाटेर आउथ्यो । देश प्रेमले ओतप्रोत हुन्थ्यौं । सिमानामा तैनाथ फौजी दाज्युभाईको सम्झनाले साह्रै विस्मत बनाउथ्यो । बिहानै रेडियोको शंख धुनीसँगै हामी उठ्थ्यौं । दिनचर्या यसैगरी सुरु हुन्थ्यो । त्यो फिलिप्स रेडियो बाबाले बोकेरै हिँड्नु हुन्थ्यो । रेडियो बाबाको थियो । हामी डर र त्रासले त्यो रेडियो छुँदैनथ्यौं । अहिलेका नानिहरुलाई यो अपत्यारिलो कथा हुन् जान्छ ।

देश विदेशका घटना र खबरहरु रेडियोको माध्यमद्वारा आदानप्रदान हुन्थ्यो । अहिले त सामाजिक सञ्जालले दुनियाँ हातमा आयो । सात समुन्द्र पारी पनि गाउँनै भयो । दुनियाँ ग्लोबल भिलेज भयो । पत्रपत्रिका मान्छेले पढ्न छाडे । किताबी शिक्षा पनि गुगल र अनलाइनको प्रभावले लोकप्रियता घटदो छ । अम्फिका दाना, मकैको ढोड् बालेर बाबाको युवा अवस्थाको शिक्षा बित्यो । हामीले मट्टीतेल नाकको प्वालमा सलेदो सरि बनायौं । अहिलेका छोराछोरीले कहाँ पत्याउलान् । गुरुजिले दुई फढेङ हान्दा तोरिका फुल देखिन्थ्यो । माताजि पिताजी त्यस्तै । अहिलेकाले त जन्मदै कोक्रामा फोरजि थ्री जि खोई केके हो ।

“ बिहानै रेडियोको शंख धुनीसँगै हामी उठ्थ्यौं । दिनचर्या यसैगरी सुरु हुन्थ्यो । त्यो फिलिप्स रेडियो बाबाले बोकेरै हिँड्नु हुन्थ्यो । रेडियो बाबाको थियो । हामी डर र त्रासले त्यो रेडियो छुँदैनथ्यौं । रेडियो आएसँगै गाउँलेहरु पनि बिहान-बेलुका सिकुवामा थुप्रन्थे । बाबाले आधा रातमा लोक गित, आधुनिक गित घन्काउँदै जाँतोमा मकै घन्काउनु हुन्थ्यो । आमा दुधै सरिको मनिपुरे बटुकोमा चिया पस्कनु हुन्थ्यो । हामी कति खुशी थियौं ।

अनि त्यो फिलिप्स रेडियो हाम्रो घरमा घन्किनु थाल्यो । दशैंमा मालश्रीको धुन, तिहारमा देउसी-भैलिको धुन, घरमा आनन्दको रौनक आएको थियो । गाउँलेहरु पनि बिहान-बेलुका सिकुवामा थुप्रन्थे । बाबाले आधा रातमा लोक गित, आधुनिक गित घन्काउँदै जाँतोमा मकै घन्काउनु हुन्थ्यो । आमा दुधै सरिको मनिपुरे बटुकोमा चिया पस्कनु हुन्थ्यो । हामी कति खुशी थियौं । खोई फर्केर त्यही युगमा जानु पाए कस्तो हुन्थ्यो होला ? गाउँमा कम्पिटिसन थिएन । समाज एक छत थियो । धनी गरिब सबै बराबर थिए । त्यो रेडियो किन्दा हाम्रा बाबालाई कसैले इर्ष्या गरेनन् ।

गाउँमा च्यादरघरे, नयाँघरे, घडीवाल, घोडावाल, माइकवाल, मकै महाजन, कोदो महाजन, आलु महाजन, सबैले सबैलाई सम्मान गर्थे । त्यो रेडियो नेपालको नौ बजेको समाचार आएपछि हामी स्कुल जान्थ्यौं । ठुलो भाँडामा खरानी र पांग्रोसँग पकाएर धोएको सट् पेन्टमा यस्तो बासना आउथ्योकी सानोतिनो हैजाले हामीलाई कहिले छोएन । साथीहरू त्यस्तै थिए । त्यहाँ हाई क्लास, मिडल क्लास, लोवर क्लासका कोहि थिएनन् । विद्यार्थीमा समानान्तर थियो । १४ अगस्टको राती युनिफ्मको पेन्ट तनक्क तन्काएर ओछ्यान मुनि हालेर सुत्दा बिहान चटक्क आइरन मिलेर कस्तो धार बसेको हुन्थ्यो । कहाँ पत्याउलान र अहिलेकाले ?

अनि दशैं, तिहार, बिहे पुराण, मावल आउदा जादा लाउने लुगा अरु कहाँ थियो र ? अनि त हामीलाई त्यो फिलिप्स रेडियो अलौकिक साधन भएथ्यो । माथ्लो घर तल्लो घर गर्दा रेडियो बाबासँगै हुने । आधा रातमा रेडियो घन्काउदै बाबा आउँदा हामी छिटोछिटो उठेर अघि देखी पढे जस्तै गर्थ्यौं । बिहान हामीलाई उठाउने, हिँडाउने, सुताउने त्यही रेडियो थियो । पछि अरुले पनि रेडियो किन्दै गए गाउँमा । अरुको नयाँ रेडियो छिटो बिग्रियो । हाम्रो पुरानो फिलिप्स बिग्रेन । अनि फिलिप्सले झनै भाउ पायो गाउँमा । मलाई अलिअलि थाहा छ । हजुर आमाले “यो रेडियो भित्र बोल्नेलाई भोक तिर्खा लाग्दैन ?” भनेर हामीलाई सोध्नुहुन्थ्यो । हामी ङिच्च गरेर हाँस्थ्यौं ।

हजुरबुबा बियाढे् गह्रामा चुँदो झरिमा घुम ओढे्र धानको बिउ काढ्नु हुन्थ्यो । अहिले त्यहाँ कार्पेटिङ सडक छ । हजुरबुबाको सुत्ने कोठाकै छेउमा सिप्ला र दुनियाँ भरका टावर छन् । हजुरबुबाका सपना माथी हामी नाति नातिना कतिको खडा भएका छौं त ? कुरा सोचनीय छ । तर पनि हाम्रो मिसन “अर्गानिक” छ । हामी मिसनमा चल्ने भयौं । उनीहरुले हामीलाई यतिको बनाउने सपना बोक्थे ।

बाबा बुढेसकालमा पुग्दा पनि फिलिप्स रेडियो जवान नै थियो । पछि हामीले क्रिकेटको कमेन्ट्री पनि त्यसमै सुन्यौं । त्यो फिलिप्स रेडियो हाम्रो घरको अभिन्न साधन थियो । सबैको जिवनलाई उसले सुचारु रूपमा संचालन नै गरेको थियो । अहिले न त बाबा हुनुहुन्छ न त त्यो फिलिप्स रेडियो । आज अचानक फेसबुकको वालमा रेडियो झुन्डिएको देखें । अहो म त कहाँ पो पुगेछु ? अतित बल्झिएर आयो । मलाई त्यो फिलिप्स रेडियोले साह्रै सतायो । हामी त मर्ने चोला हो बाबा हजुरबुबा मरेसरी । तर यो रेडियो कहिल्यै नमरोस् । बजिरहोस् अनन्तसम्म ।

# राजनीतिका ‘झोले’



■ राजनारायण राई

“बाउले सिकाई राखेको ज्ञान डोको बुनिन्छ, थुम्से बुनिन्छ । आवश्यता परे कामचलाउ कोक्रो पनि बुनिन्छ । तर, गाउँ-गाउँ पसेर लाटो सिधा जनतालाई झुक्काउने नाना थरीको जाल बुनेर निला तुतुले माछा लट्टीए जस्तै गरी नेताकै पछि पछि कुदेर परिवार चलाउनेहरुको भन्दा आफ्नु त पारिश्रमिक गुन्द्रुक भात नै स्वाद हगि अन्तरी ?” यसो भन्दै नै मनभित्रको उकुशमुकुश पोखाई सके मत्तै !

झिक्रे दाजु आएर “लु कान्छा मिटिङमा जानुपर्छ” भनि हाल्यो । म पनि अवक्कै परेँ, हिजो मत्तै उ र म मिटिङमा गएका थियौ । आजै फेरी कताको मिटिङ ? हन भनेर सोध्नु मन लाग्यो र भनिहाले, “हैन हौ दाजु हामी हिजो मिटिङ गएको होइन र ? आज नै फेरि केको मिटिङ हौ ?” यति चाहिँ भन्नु पाए झिक्रे दाजु पनि फुल्लिएर भनिहाल्छ, “हिजोको मिटिङ जेठाको आज चाहिँ बुजिहाल न साइलाको । भोलि माइलोको पनि छ । त्यसमा पनि बिचारनु पर्छ ।”, उ फेरी फुरुक्कै परेर भन्दैछ, “त्यसको बाजेको भ्याउनु गाह्रो छ हौ गाह्रो छ ।”

उसको कुरा सुनेर मेरो मुख चिलाई हाल्यो र भने “औं झिक्रे तिमी जस्तो एउटै मान्छे दुई/चार वटा पार्टीमा हिँड्छौ नि हौ, तिमीहरूले डुबायौ जातिलाई । नेताको मत्तै दैष कहाँ छ र ! जनता पनि उस्त छन् गाठे ! एउटा कुरा याद गर कि कुनै दिन हेरन घर न थर बेपत्ता हुनेछौ होला है हामी । खै के, खै के को आशमा राजनीतिको ‘र’ अक्षर सुजि न बुझि के कुदिहिँडेको बाबै मर्ने बेला तिर ।”

यति नै भने बाफरे झिक्रे दाजु बम्किएर भन्दै थियो, “साला पानीमुङ्गरे, हिजो रातो चिरप चिरिप र फाक्सा भात स्वाम स्वाम कोचारदै टन्न भएर हात चाट्दै नै ड्वा……गरेर डकार गर्दै नै होटल बाहिरा फ्रिमा निस्केको बिर्सिस् नाथे ? धारसँगको निलो पाँच सय रूपैयाँ गोजीमा कुच्चाएर खादेको भूलीस् ? आज पनि त्यसको डब्बल दिन्छ के त । जता जता पाउँछ त्यतातिर नै कुद्नु पर्दैन र लाटा ? जता जता भाउ उता उता जाऊँ । उ फल्ना उता पार्टीको उ ढिस्का चाहिँ यता पार्टीको भन्दै दुश्मनी किन लिनु र ? हुँदा हुँदैको मुख बुच्चाएर बाँच्नु भन्दा सबै पार्टीमा हिँड्नु पर्छ, आखिर नेताले पनि माटो बेचिसकेर नै हामीलाई भुलाउनु केके जाति दिए जस्तो गरेर फकाएको हो नि यति कुरा चाहिँ तैलै बुझिराख्नु है कान्छा । यसै मेसो पक्रेर उनिहरुले कमाएको पनि छ । हो कि, होइन लु भन ! उसो त हेर न नेता उठेको उठेकै जनता थिचिएको थिचिएकै अहिलेदेखि हो र ? अब उसो त हामी पनि खाएर नै साथ दिएको जस्तो पारा पो गर्नु पर्छ नाथे । तब पो आधाकल्चो बाटो होला । पाइप बिनाको टेङकी होला । पानी बिनाको धारा बनाउला नि । त्यतिबेला हामी पनि भानुभक्तको घाँसी हुन पाइन्छ नि बुझिस् लाटा !” भन्दै खुई…खिक खिक खिक खिक रातै पान खाएको दाँत र जिब्रो ह्वाङ्गै गरी गजक्कै परेर हासिपठायो झिक्रे दाजु त नारायण ।

“ उसको कुरा सुनेर मेरो मुख चिलाई हाल्यो र भने “औं झिक्रे तिमी जस्तो एउटै मान्छे दुई/चार वटा पार्टीमा हिँड्छौ नि हौ, तिमीहरुले डुबायौ जातिलाई । नेताको मत्तै दैष कहाँ छ र ! जनता पनि उस्त छन् गाठे ! एउटा कुरा याद गर कि कुनै दिन हेरन घर न थर बेपत्ता हुनेछौ होला है हामी । खै के, खै के को आशमा राजनीतिको ‘र’ अक्षर सुजि न बुझि के कुदिहिँडेको बाबै मर्ने बेला तिर ।”

यति बेला म साँच्चै लाटो रहेछु जस्तो लाग्यो । किनभने सप्पै मान्छेले यताउति चरीहिँड्ने मौकावादी नै रहेछन् । सज्जन बनेर क्यै नापिने होइन क्यारे ! यही रहेछ मौका मैले पनि दाउ छोपिहाल्नु पर्ने रहेछ । तब पो अलिकति बाठो होइन्थ्यो कि ! अलिकति मोटाइन्थ्यो कि ! चारैतिर यतिबेला बाटो बनियो नेताको जय जय ! धुरे लिडरहरु कामको श्रेय लिँदै इतिहास भएर बाच्नु हतार नै परिरहेकैछन् । तर, म भने झन् गहिराईमा पर्छु कि राम्रो कामको नाम त लिडरहरूले पाए तर, त्यहिँ बाटो खन्दा, पानीको टेङ्की खडाल पार्दा, पाईपलाईनहरु जतासुकै गासिदिँदा के गरिब जनताको जगा जमिन छति भएको छैन र ? यसको लेखा जोखा कसले गर्ने ? अलिक आवाज निकाल्यो भने तँ गाउँ विकास भएको हेर्नु चहाँदैनस् ? तँ कचकुँडे नहुँ । आँगन भएर गाडी गुड्दा सबैको भलो हुँदैन नथे । तेरो सानो विचारलाई सडक जस्तै फराकिलो बना भनेर भएभरको जवाफ दिन खप्पिस हुन्छन् । झिक्रे जस्ता बाठियावालाको घटियावाला व्यवहार । चुई बोल्नु छैन गरीबवाला जनता । त्यही मधेसबाट जातिलाई विदेशी भनिदिँदा चुई बोल्नै नसक्ने आँगनमै आएर गुल्चे खेल खेलेर हेपेर जाँदा पनि हाम्रो मान्छे चाहिँ आबा न चाबाको खदा लगाएरै बरु स्वागत गर्नु जानेका छन् । उल्टा तालि बजाउछन् मादल बजाएर नाची दिन्छन् त गाँठे ।

यस्तै सोचहरुले मेरो माथा तात्तिरहेको अवस्थामा हाम्रो अन्तरीको खैलो बैलोले म झस्किए । अन्तरीले भन्दै रहेछिन्, “हैट यिनीहरुको गफ पो गफ त । हुने कुरा नै के गर्यौ । उस्तै उस्तो त हो नि तिमीहरु । हिजो आज झिक्रे दाजुको जिब्रो पनि स्वादमा साह्रै पल्केछ क्यारे आईयु….. भन्दै खित्का छोढी हाँसिदिइन् । “हाम्रो अन्तरीको तिरले मलाई पनि बाँकी कहाँ छोड्यो र छात्तीको भित्रै घोचेर घायल नै बनायो । भन्नु नहुने स्वाद मैले पनि नलिएको हो र ? सम्झेर मनमनै लज्जित बने । झिक्रे दाजु त झन् बोल्नु सकेन । उ बरू राता पिरो गाला पारेर बिँडीको ठुट्टा सल्काएर तानिरह्यो तानिरह्यो नबुझे पारामा । म चाँहि कान थापेर सुनिरहे …‘अन्तरी जोडले बोलिरह्यो ।

कविता

## कुन बाटोमा जान्छौ कमरेड ?



– बलराम तिमिल्सिना

कुन बाटोमा जान्छौ कमरेड ?
कुन गन्तव्यमा जाने हो ?
कुन वर्गको सेवा गर्छौ,
साथ कसोरी लाने हो ?
पूँजीपतीको काँध चढी
कुन समाजवादमा जाने हो ?
कुन बाटोमा जान्छौ कमरेड ?

भ्रष्टचारको नीति सिद्धान्त
कमिसनखोरको हात
साम्राज्यवादको सेवा चाकडी
गद्दारहरूको साथ
झण्डा एउटा धन्दा अर्कै
शंकै शंकाको खात
तै पनि मुखले क्रान्ति भन्दै
दिउसै पार्दछौ रात
कुन बाटोमा जान्छौ कमरेड ?

छलछामको कार्यशैली
सत्तास्वार्थको भोक
नाफा घाटाको राजनीति
आत्मपूजाको शोक
वर्ग बैरीलाई इल्लु इल्लु
वर्ग मित्रलाई झोक
कमरेड भनेकै कुहेको अण्डा
चिसो भनेकै कोक
कुन बाटोमा जान्छौ कमरेड ?

साना-साना झुग्गी झोपडी
बेग्लै चुला चौका
जुट्न भने पछि ज्वरो आउँछ
फुट्नै खोज्छौ मौका
जसको पनि छ एउटै नारा
“राम्रो भनेकै म !”
अलग भयो कि धारे हात
ऐले मरी जा तँ !
कुन बाटोमा जान्छौ कमरेड ?

सपनाहरूले फेर्दै छन् कि
फेर्न छोडे लौ सास ?
भन ए कमरेड झुपडी या महल
कता छ अचेल बास ?
यात्रा अधुरो बाँकि छ कि
भैगयो सत्यानाश ?
भित्र एउटा बाहिर अर्को
को हौ तिमी लौ खास ?
कुन बाटोमा जान्छौ कमरेड ?

हाम्रो हालत हरिबिजोग
वर्ग बैरीलाई हाँसो
हाम्रो वर्ग विचारको
छैन पटक्कै चासो
दक्षिणपन्थी उत्तरपन्थी
सबै सबैले सोच
हाम्रो दशाको हाम्रो दिशाको
अब्बल समाधान खोज
कुन बाटोमा जान्छौ कमरेड ?

## तीन मुक्तक



– शोभा शाह थापा

१.
भेलबाढीले लग्यो गाँस-बास, अब कता जाने होला ?
छैन खाना अन्न-दाना, अब हामी के पो खाने होला ?
दैव तेरो प्रहार पनि सधैं गरीब निर्धनमाथि
जिउँदो लाश घाट लाने हो कि अब मन्दिर लाने होला ?

२.
आइसी डलर पायो भन्दै इमान-जबान नबेच्नु होला ।
आफ्नै देशको वीर योद्धा तीर कमान नबेच्नु होला ।
गद्दारहरुले युवा बेचे नदी बेचे टुक्राउँदै देशै बेचे
बाँकी रहेको मन्दिर मस्जिद अब घाट चिहान नबेच्नु होला ॥

३.
दिन दुःखीको घरमा कहिले अन्न धनको रास हुँदैन ।
दुःख पाउँदा सबको हेला मात्र कोही आफ्नो पास हुँदैन ।
कपूतको महल भव्य सिंह दरबार जत्रै भएपनि
वृद्धा बा-आमालाई केही खाने बस्ने गाँस बास हुँदैन ॥

हङकङ चीनको अधिनमा आएको २५ वर्ष पूरा

# ‘एक राष्ट्र, दुई प्रणाली’ मा पुनर्विचार हुँदैन : राष्ट्रपति सी



**काठमाडौं/एजेन्सी-** अमेरिका, बेलायतलगायत पश्चिमा राष्ट्रले ५० वर्षसम्म हङकङको स्वतन्त्रता र स्वायत्तता अक्षुण्ण राख्ने चिनियाँ प्रतिबद्धता पूरा नभएको भन्दै तीक्ष्ण आलोचना गरिरहेका बेला राष्ट्रपति सी जिनपिङले ‘एक राष्ट्र, दुई प्रणाली’ मा पुनर्विचार नहुने स्पष्ट पारेका छन् ।

विश्वको आर्थिक केन्द्रको चिनारी बनाएको हङकङ पच्चीस वर्षअघि आजकै दिन बेलायतबाट चीनलाई हन्तान्तरण गरिँदा तत्कालीन चिनियाँ शासकले सन् २०४७ सम्म हङकङको शासन ‘एक देश, दुई प्रणाली’ ढाँचामा हुने र उसको स्वतन्त्रता एवम् स्वायत्तता, व्यक्तिगत अधिकार, न्यायिक स्वतन्त्रता सुनिश्चित गर्ने बाचा गरेका थिए ।

बेलायती प्रधानमन्त्री बोरिस जोन्सन र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले हङकङ हस्तान्तरणका प्रतिबद्धताहरू पूरा गर्न चीन असफल भएको आरोप लगाएका थिए । ती आरोप अस्वीकार गर्दै हङकङ र बेइजिङले अराजकताबाट सुव्यवस्था पुनःस्थापना गर्न राष्ट्रिय सुरक्षा कानुन उपयोगी भएको दाबी गरेका थिए ।

हङकङ अर्धस्वायत्त चिनियाँ क्षेत्र बनेको २५ वर्ष पुगेको अवसरमा शुक्रबार यहाँ भएको विशेष समारोहमा राष्ट्रपति सीले पश्चिमाहरूका आरोपको खण्डन गर्दै एक देश, दुई प्रणाली अन्तर्गत सञ्चालित हङकङलाई आफ्नै कानुन र सरकार बनाउने अधिकार रहेको बताए । खरानीबाट उठेको हङकङको विकास र समृद्धि आफ्नो प्राथमिकता भएको पनि उनले दोहोऱ्याए ।

एक वर्षअघि प्रजातन्त्र समर्थकहरूले व्यापक विरोध प्रदर्शन गरेपछि त्यसलाई दबाउन राष्ट्रिय सुरक्षा कानुन लगाएर बेइजिङले स्थिति नियन्त्रणमा लिएको थियो । त्यसैतर्फ सङ्केत गर्दै सीले हङकङ खरानीबाट उठेको बताएका हुन् ।

‘यति राम्रो प्रणाली परिवर्तनको कुनै कारण छैन, यसलाई लामो समयसम्म कायम राख्नुपर्छ,’ हङकङले ५० वर्षपछि पनि आफ्नो सापेक्ष स्वतन्त्रता कायम राख्न सक्ने बताउँदै उनले भने । उनको यो अभिव्यक्तिले हङकङका बासिन्दालाई उनीहरूको स्वतन्त्रतामा आघात पार्न नखोजिएकोतर्फ सङकेत गरेको छ ।

राष्ट्रपति सीले हङकङमाथि बेइजिङको व्यापक अधिकारक्षेत्र रहेको, हङकङ र मकाउजस्ता क्षेत्रहरूलाई आफ्नो पूँजीवादी प्रणाली र स्वायत्तता कायम राख्न अनुमति दिए पनि चिनियाँ नेतृत्वलाई सम्मान गर्नुपर्नेमा जोड दिएका थिए । उनले हङकङको मामिलामा विदेशी हस्तक्षेप वा देशद्रोह सह्य नहुने चेतावनी दिँदै राष्ट्रिय सार्वभौमसत्ता, सुरक्षा, विकास र हितको रक्षा आफ्नो सर्वोच्च प्राथमिकतामा भएको स्पष्ट गरे ।

राष्ट्रपति सी हङकङका नयाँ नेता जोन लीको शपथ ग्रहण समारोहमा पनि सहभागी भए । पूर्वसुरक्षा अधिकारी जोनले हङकङप्रति वफादार रहँदै बेइजिङको केन्द्र सरकारप्रति जवाफदेही बन्ने वाचा पनि गरे । समारोह अवधिभर कुनै पनि नेताले मास्क फुकालेनन् भने कसैले हात पनि मिलाएनन् । दैनिक दुई हजार कोरोना भाइरस संक्रमित बढिरहेका बेला यस्तो स्वास्थ्य सुरक्षा सावधानी अपनाइएको हो । उनीहरूको मास्कमा हङकङ हस्तान्तरण भएको २५औँ वार्षिकोत्सव झल्काउने अंक ‘२५’ स्पष्ट देखिन्थ्यो ।

कोभिड-१९ को महामारी फैलिएपछि सीको यो भ्रमण मुख्यभूमि चीनबाहिरको पहिलो हो । आजसम्म उनी यहाँ रहने भएकाले शहरको सुरक्षा व्यवस्था कडा पारिएको छ । आकाशमा उडान निषेध गरिएको छ भने समारोहस्थल आसपासका सडक बन्द गरिएका छन् । हज्जारौँ सुरक्षाकर्मी परिचालन गरिएका छन् । हवाईगस्ती जारी छ । समारोहमा सहभागी हुने पाहुनाहरूले कोभिड-१९ विरूद्धको खोप अनिवार्यरूपमा लगाउनाका साथै एकान्तबास बस्नुपरेको थियो ।

पच्चीस वर्षअघि आजको दिन रमणीय भिक्टोरिया हार्बरमा झमझम पानी परिरहेको थियो । हङकङ हस्तान्तरण समारोह हुने हार्बर वरवरको क्षेत्रलाई विशाल सुरक्षाबलले आफ्नो घेरामा समेटेको थियो भने हवाई क्षेत्र पनि निषेध गरिएको थियो । अन्तिम औपनिवेशिक गभर्नर क्रिस प्याटेनले धुरूधुरू रूँदै हङकङलाई चीनसमक्ष सुम्पेका थिए ।

# भारतमा पहिरोमा पुरिएर १४ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी-** भारतको मणिपुरको नोनी जिल्लामा एक निर्माणाधीन रेलवे साइटको भग्नावशेषमा पुरिएर चौध व्यक्तिको मृत्यु भएको छ भने अन्य थुप्रै फसेको आशंका गरिएको छ ।

भग्नावशेषबाट २३ जनालाई निकालिएको छ जसमा १४ जनाको मृत्यु भएको थियो । त्यसैगरी अन्यको खोजी जारी छ । कति पुरिएका छन् भन्ने यकिन भएको छैन तर हालसम्म गाउँले, सेना र रेलवे कर्मचारी, मजदुर (गाडिएका) सहित ६० जनाको मृत्यु भएको हुन सक्ने बताइएको छ ।

रातभर खोजी तथा उद्धार कार्य जारी रहेको र घटनास्थलमा सघाउन डोजर लगायतका इन्जिनियरिङ उपकरणलाई परिचालन गरिएको छ । जिरिबमदेखि इम्फालसम्म निर्माणाधीन रेलमार्गको सुरक्षाका लागि नोने जिल्लाको तुपुल रेलवे स्टेसन नजिक तैनाथ भारतीय सेनाको १०७ टेरिटोरियल आर्मीको कम्पनी लोकेशन नजिक बुधबार र बिहीबार राति पहिरो गएको थियो ।

भारतीय सेनाको असम राइफल्स र टेरिटोरियल आर्मीका टुपुल रेलवे स्टेसनका सुरक्षाकर्मीहरूले, नोने जिल्ला, मणिपुरको सामान्य क्षेत्रमा प्रतिकूल मौसमको बावजुद दिनभर पहिरो प्रभावितलाई बचाउन उद्धार कार्य जारी राखेका थिए। अहिले भारतीय रेलवे, नागरिक प्रशासन, एनडीआरएफ, एसडीआरएफ र नोनी जिल्लाका स्थानीयहरूले पनि खोजी कार्यमा सक्रियता पूर्वक जुटिरहेको जनाइएको छ ।

यसै बीच प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार मुख्यमन्त्री एन बिरेन सिंहसँग मणिपुरमा लगातार वर्षाका कारण आएको पहिरोको अवस्थाको समीक्षा गर्दै केन्द्र सरकारबाट पूर्ण सहयोगको आश्वासन दिएका छन् ।

‘मणिपुरका सीएम श्री २एन वीरेन्द्र सिहँजीसँग कुरा भयो साथै दुःखद पहिरोको कारण उत्पन्न स्थितिको समीक्षा भयो। केन्द्रबाट सबै सम्भव सहयोगको वाचा गर्दछु। म सबै प्रभावितहरूको सुरक्षाको लागि प्रार्थना गर्दछु। म शोकसन्तप्त परिवारहरूसँग छु । घाइतेहरूको छिट्टै निको होस्,’ प्रधानमन्त्री मोदीले ट्वीटमा उल्लेख गरेका छन् ।

# युक्रेनमा दुई बालबालिकासहित १८ जना मारिए



**काठमाडौं/एजेन्सी-** युक्रेनको बन्दरगाह शहर ओडेसको आवासीय क्षेत्रमा आज बिहान रूसी सेनाले गरेको क्षेप्यास्त्र आक्रमणमा परी दुईजना बालबालिकासहित १८ जना मारिएका छन् । रूसी क्षेप्यास्त्रको निशानामा आवासीय बहुतले भवन र मनोरञ्जन क्षेत्र परेका युक्रेनी अधिकारीहरूले बताएका छन् । आक्रमणमा परी ३० जना घाइते भएका छन् । आक्रणको दृश्यमा जलेका भवनका अवशेष देखिएको छ। युक्रेनी सेनाले आक्रमणकारीहरूलाई भगाएको दाबी गरेको छ ।

युक्रेन युद्ध पाँचौ महिनामा प्रवेश गरेको छ। दुई देशबीच द्वन्द्व जारी रहँदा युरोपेली देशमा इन्धन आपूर्ति प्रभावित भएको छ भने खाद्य सङ्कटको चुनौती थपिएको छ । गत सोमबार किएभस्थित किनमेल घरमा भएको भीषण आक्रमणलाई लिएर युक्रेनले रूसमाथि युद्ध अपराधको आरोप लगाएको छ। एकहजारभन्दा बढी सर्वसाधारण किनमेलमा व्यस्त भएका बेला गैरसैनिक क्षेत्रमा रूसी फौजले गरेको आक्रमणको युक्रेनी राष्ट्रपतिले निन्दा गरेका थिए ।

पाँच महिनाअघि नै राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि गरिएको ‘विशेष सैन्य कारबाही’ उसको भूमि कब्जाका निम्ति नभइ सैन्य सामर्थ्य र हतियार भण्डार नष्ट गर्ने उद्देश्य भएको बताएका थिए ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल**
वीर अस्पताल
**प्रोप्राइटरी सामान खरिद सम्वन्धी सूचना**
सूचना प्रकाशित मिति २०७९/०३/१८

यस अस्पतालको न्यूरो ओ.टी.मा रहेको देहाय अनुसारको मेशिनको Consumable सामाग्रीहरु उक्त कम्पनीको नेपाल स्थित आधिकारिक विक्रेतासँग सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १ (घ) तथा उपदफा ३ बमोजिम खरिद गर्नुपर्ने भएकोले सोसँग सम्वन्धित अन्य आपूर्तिकर्ताहरु भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस अस्पतालको खरिद इकाईमा कागजात सहित सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।

| सि.नं. | सामानको नाम | उत्पादक कम्पनी | नेपालको आधिकारीक विक्रेता |
|---|---|---|---|
| १ | Drill Machine | Nakanishi Inc. (NSK), Japan | Biomed International Pvt. Ltd. |

\- प्रमुख प्रशासकीय अधिकारी

# मोदी र पुटिनबीच टेलिफोन संवाद

**काठमाडौं/एजेन्सी-** भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनका बीचमा शुक्रबार टेलिफोनमा कुराकानी भएको छ। रुस-युक्रेन युद्धका बारेमा नै उनीहरूको कुराकानी केन्द्रित रहेको दुवै तर्फका अधिकारीहरूले जनाएका छन् । कुराकानीका क्रममा भारतीय प्रधानमन्त्री मोदीले वार्तामार्फत् नै युक्रेनसँगको विवाद अन्त्य गर्न पुटिनलाई आग्रह गरेका थिए। उनले वार्ताको माध्यमबाट नै समस्याको समाधान गर्नुपर्ने सुझाव आफूले सुरुदेखि नै राख्दै आएको र अहिले पनि त्यही अडानमा रहेको स्पष्ट पारेका थिए। आफू सधैं वार्ता र कूटनीतिक पहलबाट नै यस्ता कुराको निकास निकाल्न सकिन्छ भन्ने पक्षमा रहेको उनको भनाइ थियो ।

**भूल सुधार**

मिति २०७९/०३/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको नाम: **WSL HR SERVICES SDN. BHD., चलानी नं.: ६०१८२२३९ र L.T. No.:266304**, कामदारको पद **Cleaner** पुरुष माग संख्या ५० को विज्ञापनमा मलेसियामा रोजगार हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
Gov. Lic No. 1096/073/074 E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

**हार्दिक बधाई तथा शुभकामना**
**नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.**
NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
Nilkantha-3,Dhadhingbesi, Dhadhing, Nepal
Phone : 010-520876,520761 Fax : 010-520904
Email : info@nationalmicrofinance.com.np
नवौं बर्षमा प्रवेश
सफलतापूर्वक आफ्नो कार्यकालको **आठौं** वर्ष पुरा गरी **नवौं** वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दछौं ।

Regd.: 75060/067/068
एक्सिस प्रिन्टर्स प्रा. लि.
AXIS PRINTERS PVT. LTD.
New Plaza, Ward No. 32, Kathmandu, Nepa
Phone: +977-1-4536861, 9851123654
Email: axisprinters.ktm@gmail.com
URL: www.axisprinters.com.np

HBL Himalayan Bank Ltd.
Corporate Office, Kamaladi, Kathmandu.
P.O.Box: 20590
Tel: +977-1-4227749 FAX: +977-1-4222800
Email: himal@himalayanbank.com
URL: http://www.himalayanbank.com
Branch Office: DhadingBesi,Ph.: 010-521110/521111

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal.
Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
Mega Bank Nepal Limited

prabhu Bank
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com
Branch Office: DhadingBesi,Ph.: 010-521008,521009

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Branch Office: DhadingBesi,Ph.: 010-520704/521154

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint-Venture with punjab national bank, India)
Head Office: EBL House, Lazimpat
P.O.Box 13384 Kathmandu, Nepal
Tel: 01-4443377
Fax: 01-4443160
Email: ebl@mos.com.np
SWIFT: EVBLNPKA
Branch Office: DhadingBesi,Ph.: 010-520631

Sanima Bank
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं
फोन: +९७७-१-४४२८९७९
फ्याक्स: +९७७-१-४४२८९६९
ईमेल: sanima@sanimabank.com
Branch Office: Dhading Besi, Ph.: 010-520967

CIVIL BANK LTD.
Head Office:Civil Trade Center (CTC), Sundhara, Kathmandu | PO Box: 9799
Tel: 977-1-4251087 / 4251015
Fax: 977-1-4251036
SWIFT Code: CIVLNPKA
Web: www.civilbank.com.np
Branch Office: Dhading Besi, Ph.: 010-521068

EXIDE
Shrestha Trading Concern
TCN Road, Hetauda, Nepal
BOSCH

InfoDevelopers Pvt. Ltd.
Sanepa-2, Lalitpur, Nepal
FINSYS INFINITY EMPOWER WEALTH

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier
Head Office:
Kamalpokhari, Kathmandu, Nepal
Phone: 01-4414541, 01-4437106
E-mail: info@bok.com.np
Web: www.bok.com.np
Branch Office: Galchhi, Ph.: 010-403172/403173

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-88800 www.nepalremit.com

सगरमाथा इन्स्योरेन्स कं. लि.
Sagarmatha INSURANCE COMPANY LTD.
(A JOINT VENTURE WITH CEYLINCO INSURANCE PLC, SRI LANKA)
Head Office: "Surakshan" Bhawan, Bhagawati Marg, Naxal
P.O. Box: 12211, Kathmandu, Nepal
Tel: 4412367, Fax: 977-1-4412378
E-mail: sagarmatha@insurance.wlink.com.np
Web: www.sagarmathainsurance.com.np

prabhu Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

**मलेशियामा रोजगार** | १. कम्पनी : **PARKSERN MARKETING SDN.BHD.** शहर: **PENANG**
पूर्व स्वीकृत मितिः २०७६/१०/२८ चलानी नं.: ६०१५१५६२ L.T. No.: 232783 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : **S.Q.TREATMENT SERVICES SDN BHD** शहर: **Selangor**
पूर्व स्वीकृत मितिः २०७९/०३/१६ चलानी नं.: ६०१८२२३६ L.T. No.: 266239

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : **BNC METAL STAMPING SB** शहर: **Darul ehsan, Selangor**
पूर्व स्वीकृत मितिः २०७९/०३/१६ चलानी नं.: ६०१८२२४७ L.T. No.: 266238

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
Manjushree Overseas Services (P) Ltd.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

**जापानमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : **ASIA CREATION COOPERATION** शहर : **T0KYO**
पूर्व स्वीकृत मितिः २०७९/०१/१४ चलानी नं.: ६०१८२२३० LT. No.: 261348

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Water Proofer | 2 | 0 | स. काममा दक्ष | 185000 | १७०,९४० | क.नि अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ ।**

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २८ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : ५०,०००/-

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् । **नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
Manjushree Overseas Services (P) Ltd.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

# बिजुली बेचेर प्राधिकरणले कमायो एक अर्ब ७२ करोड



**काठमाडौं/मस** - झण्डै ३५ अर्ब बराबरको सञ्चित घाटा भएको नेपाल विद्युत् प्राधिकरणको मुनाफामात्रै वार्षिक १२ अर्ब बढी हुन थाल्यो । पछिल्ला आर्थिक वर्षमा त सरकारी संस्थानमध्ये सबैभन्दा बढी नाफा कमाउने संस्थानका रूपमा प्राधिकरण स्थापित भएको छ । गत वर्षको लक्ष्मी पूजाको दिनदेखि ३९ मेगावाट बिजुली भारत पठाएर व्यापार सुरु गरेको प्राधिकरणले गत जेठ १९ अर्थात् जुन २ तारिखदेखि दैनिक ३६४ मेगावाट बराबरको बिजुली भारत निर्यात गरेको छ। प्राधिकरणले भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा खुद एक अर्ब ७२ करोड ३० लाख बराबरको विद्युत बिक्री गरेको छ । पछिल्लो एक महिनाको विवरण हो यो। प्राधिकरणले आगामी छ महिनासम्म बिजुली बिक्री गर्नेछ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठदेखि आइएक्समा बिक्री सुरु गरेको थियो। सुरुमा दुईवटा विद्युतगृहको ३९ मेगावाट विद्युत् दैनिकरूपमा आइएक्समा बिक्री गरिएको थियो । त्यसपछि २७ जेठदेखि दैनिकरूपमा ३६४ मेगावाट विद्युत् भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ। नेपाल विद्युत् प्राधिकरणले भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणबाट छवटा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युतलाई स्रोत मानी ३६४ मेगावाट विद्युत् आइएक्स मार्केटमा बिक्री गर्न स्वीकृति पाएको छ।

# काम नलाग्ने नोट अब मेसिनबाटै नष्ट गरिने



**काठमाडौं/रासस** - नेपाल राष्ट्र बैंकले काम नलाग्ने नोट नष्ट गर्नका लागि पोखरामा बैंक नोट सेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बिएसबिएस) मेसिन सञ्चालनमा ल्याएको छ । मेसिन सञ्चालनको स्वीच अन गरेर नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले एक समारोहकाबीच शुभारम्भ गरे । यसअघिसम्म आगोको प्रयोगबाट जलाएर नोट नष्ट गर्ने गरिएकामा अब भने बिएसबिएस मेसिनका माध्यमबाट नोट नष्ट गरिनेछ । नष्ट गरिएका नोटबाट ब्रिकेट उत्पादन हुने जनाइएको छ।

कार्यक्रममा गभर्नर अधिकारीले नोट धुल्याउने कार्यलाई आधुनिकीकरण र यान्त्रिकीकरण गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको मेसिनका कारण वातावरणीय प्रदूषणमा पनि राहत पुग्ने बताए । बैंकको कार्यलाई आधुनिक एवं प्रविधियुक्त बनाउनका लागि बिएसबिएस मेसिनको प्रयोग उपयोगी बन्ने उनले बताए। यसअघि प्रचलनमा आउन अयोग्य ठहरिएका नोटलाई जलाएर नष्ट गरिँदै आइएकामा बिएसबिएस मेसिनको प्रयोगबाट त्यसलाई ससाना टुक्रा बनाउने र स्वचालित प्रविधिबाट ब्रिकेट उत्पादन गर्ने कार्यक्रममा जानकारी गराइयो।

# बिओकेका ग्राहकलाई युरोपा फिटनेसमा छुट

**काठमाडौं/मस** - बैंक अफ काठमाण्डूका ग्राहकले युरोपा फिटनेस सेन्टरमा २५ प्रतिशत छुट पाउने भएका छन् । बैंक अफ काठमाण्डू र युरोपा फिटनेस सेन्टरबीच सो सम्झौता भएको हो । सम्झौता अनुसार बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ बाट क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्ने विभिन्न फिटनेसमा एकमुष्ठ रुपमा छुट पाउने छन् ।

युरोपा फिटनेस सेन्टरले ललितपुरको ग्वार्कोबाट सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा तथा सुबिधाहरु प्रदान गर्दै आईरहेको छ । बैंकले हाल १०३ शाखा कार्यालयहरु, ९७ एटीएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकहरुलाई बैंकिङ सुविधा प्रदान गर्दै आईरहेको छ।

# वायुसेवा निगम ६५ वर्षमा




**काठमाडौं/रासस** - राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स)ले ६५ वर्षे यात्रा सुरु गरेको छ। सन् १९५८ जुलाई १ मा स्थापना भएको निगमले २८ सिट क्षमतायुक्त डोग्लस डिसी ३ डाकोटाबाट सेवा प्रारम्भ गरी ६४ वर्षे दौरानमा पछिल्लो पटक वाइडबडी ए ३३०-२०० सिरिजको विमान भित्र्याएर सेवा दिइरहेको छ। निगमले हाल अन्तराष्ट्रियतर्फ भारतको नयाँदिल्ली, बेङ्लोर र मुम्बई तथा हङकङ, मलेसिया, थाइल्याण्ड, जापानको नारिता, कतारको दोहा, युनाइटेड अरब इमिरेटस्को दुबई र साउदी अरबको रियादमा उडान भर्दै आएको छ।

निगमले दुई थान वाइड बडी ए ३३० र दुई थान न्यारोबडी ए ३२० सिरिजका विमानमार्फत अन्तर्राष्ट्रिय उडान गरिरहेको छ। आन्तरिकतर्फ दुर्गम भेगका विमानस्थलमा निगमले सेवा दिइरहेको छ। निगमले विगत वर्षमा औपचारिक समारोह आयोजना गरेर वार्षिकोत्सव मनाउँदै आएकामा यस पटक सामान्य कार्यक्रम मात्र गर्न लागेको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिइन्।

स्थापनाको ६४ वर्षको इतिहास बोकेको निगमले आफ्नो बजार हिस्सा गुमाउँदै जाँदा चिन्ता बढेको छ। निगमको ऋण दायित्व करिब ४७ अर्ब पुगेको बताइन्छ। वाइडबडी विमान खरिद गर्न कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट निगमले ऋण लिएको थियो। भएका विमान पनि राम्ररी सञ्चालन नहुनु, बजेट एयरलाइन्ससँगको प्रतिस्पर्धालगायत कारणले खस्केको निगमको साख अहिले उत्कृष्ट ग्राउण्ड ह्याण्डलिङ सेवा, अन्तर्राष्ट्रिय गन्तव्यमा व्यापार प्रवर्द्धनले उकासिएको बताइन्छ।

# ज्ञानेन्द्र ढुंगानाले सम्हाले नबिल बैंकको सिइओ



**काठमाडौं/मस** - नबिल बैंकको प्रमुख कार्यकारी अधिकृत (सीइओ) मा ज्ञानेन्द्र ढुंगानाले कार्यभार सम्हालेका छन् । ढुंगाना यसअघि नेपाल बंगलादेश बैंक (एनबि)मा सीइओ थिए । एनबी बैंकलाई नबिल बैंकले १००:४३ स्वाप रेसियोमा प्राप्ति गरेपछि ढुंगाना नबिल बैंकका सीइओमा नियुक्त भएका हुन् । यसअघिका सीइओ अनिल शाहले १० दिनअघि नै विदा भइसकेका छन् ।

## नाम परिवर्तनको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०७९।०३।१८**

साविक कम्पनी (**नर्भिक इन्स्टीच्युट अफ नर्सिङ्ग एजुकेशन प्रा.लि.**)मा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व आदि परिवर्तित नाम (**नर्भिक कलेज अफ हेल्थ साईन्सेज एण्ड टेक्नोलोजीज प्रा.लि.**)को कम्पनीले सकार्ने व्यहोर्ने गरी **नर्भिक इन्स्टीच्युट अफ नर्सिङ्ग एजुकेशन प्रा.लि**.को नाम कम्पनीको साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।२।२० को स्विकृत निर्णयानुसार परिवर्तन भै **नर्भिक कलेज अफ हेल्थ साईन्सेज एण्ड टेक्नोलोजीज प्रा.लि**.कायम भएकोले सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

संचालक

## नाम परिवर्तनको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०७९।०३।१८**

साविक कम्पनी (**नर्भिक विजनेश कलेज प्रा.लि.**)मा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व आदि परिवर्तित नाम (**नर्भिक स्कुल अफ हेल्थ साईन्सेज एण्ड टेक्नोलोजीज प्रा.लि.**)को कम्पनीले सकार्ने व्यहोर्ने गरी **नर्भिक विजनेश कलेज प्रा.लि**.को नाम कम्पनीको साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।२।५ को स्विकृत निर्णयानुसार परिवर्तन भै **नर्भिक स्कुल अफ हेल्थ साईन्सेज एण्ड टेक्नोलोजीज प्रा.लि**.कायम भएकोले सवैको जानकारीकालागि यो सुचना प्रकाशित गरिएको छ।

संचालक

## अनलाइन पत्रिका बन्द हुने सूचना

**यस www.dailyonlinemedia.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरि बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केहि लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा समर्क गरि हिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं ।**

www.dailyonlinemedia.com
परिवार-९८५११९८९४५

## QATAR मा रोजगार | कम्पनी: HALA INTERNATIONAL KITCHEN शहर: Doha

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.:६०१८२२७९ LT. No.: 266352

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ७६३/०६५/०७६

**Prayas Re-Employment Consultant (Pvt.) Ltd.**
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 0-4820095/4820074 | Mob: 9801067213, 9823841132
Email:prayasroshancv@gmail.com, rson2006@gmail.com
| web.:www.prayasreemployment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : INTERNATIONAL RECRUITMENT COMPANY-IRC शहर : Jeddah
पुर्व स्वीकृत मितिः २०७८/१२/२१ चलानी नं.: ६०१७७२७२ LT. No.: 260851 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Mofarreh Marzouq Al-Harbi & Partners Co. Ltd. शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०८/२६ चलानी नं.: ६०१७०२४७ LT. No.: 252889 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Road Drivers | 23 | 0 | स. काममा दक्ष | 2500 | ८४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क क.नं. २ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

## मलेशिया र कुवेतमा रोजगार | कम्पनी : THE COFFEE BEAN & TEA LEAF (M) SDN.BHD. शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०३/१७ चलानी नं.: ६०१८२१५३ L.T. No.: 266192

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २९ देखि साउन २ गते (13 To 18 July 2022) सम्म हुनेछ ।

कम्पनी : RETAJ FOR SWEETS & PASTRIES CO. (RATAJ CO.FOR SWEETS & PASTRY) शहर : MUBARAK ALKABIR
पूर्व स्वीकृत मितिः २०७८/०७/२८ चलानी नं.: ६०१६७५४७ L.T. No.:250002 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 1 | 1 | स. काममा दक्ष | 120 | ४७,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ र २७ गते (9 & 10 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Kalopul, Kathmandu, Nepal, Tel.: 01- 4412370, 4412377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SULTAN DEGHAIFEL BIN GHAFEL AL-OTAIBI FACTORY FOR CEMENT PRODUCTS शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/०४ चलानी नं.: ६०१६५७४७ LT. No.249102 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

JobSpot International Pvt. Ltd.
**जब्सपट इन्टरनेशनल प्रा.लि.**
धुम्वाराही, काठमाडौं, फोनः ४०१५५००,४०१५६००,४०१५५१६, फ्याक्स : ४०१५७०६

## कतारमा रोजगार | १. कम्पनी : CYCORP TRADING AND CONTRACTING शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/०२ चलानी नं.: ६०१८१३५५ LT. No.: 264912 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८६,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 8 | 0 | | 1000 | ३४,४१० | | | | | | | |
| 3. | Mason | 20 | 0 | | 1100 | ३७,८५१ | | | | | | | |
| 4. | Receptionist (Female) | 0 | 1 | | 1100 | ३७,८५१ | | | | | | | |
| 5. | Supervisor | 5 | 0 | | 2500 | ८६,०२५ | | | | | | | |

२. कम्पनी : AL AIBALA TRADING WLL शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२७८ LT. No.: 266394

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६५,३७९ | | | | | | | |
| 3. | Labourer | 4 | 0 | | 1000 | ३४,४१० | | | | | | | |
| 4. | Tailor | 1 | 0 | | 1100 | ३७,८५१ | | | | | | | |

अन्तर्वार्ता पि.आइं.टी. ट्रेनिङ सेन्टर, जनकपुर धनुषामा २०७९ असार २६ गते (10 July 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटेल रेड कार्पेट, चितवन भरतपुरमा २०७९ असार २७ गते (11 July 2022) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ असार २८ गते (12 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:5539268, 5539269, Fax: 5539259
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepa.com

## मलेशियामा रोजगार | कम्पनी : JIT HENG MARKETING SDH BHD शहर: Malaysia,PAHANG

पूर्व स्वीकृत मितिः २०७९/०३/१६ चलानी नं.: ६०१८२२६४ LT. No.:266320

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Money Home Overseas Pvt. Ltd.**
Govt. Lic. No. 863/066/067
Post Box. No.: 12937, Gangabu-7, Ktm, Nepal (Opposite of Police Training Center)
Tel.: 4384683, 4385068, 4356752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np | Website: www.moneyhomeoverseas.com.np

# महिला साफ च्याम्पियनसिपको मितिबारे छलफल

**काठमाडौं/मस–** अखिल नेपाल फुटबल संघका महासचिव किरण राई नेतृत्वको प्रतिनिधिमण्डलले शुक्रबार ढाकास्थित साफ मुख्यालयमा महासचिव अनवरुल हक हेलालसँग भेटवार्ता गरेको छ। महासचिव राई, पूर्व सदस्य विकासनारायण श्रेष्ठ र न्यूरोड टिमका अध्यक्ष सुन्दरनरसिंह जोशीले काठमाडौंमा हुने साफ महिला च्याम्पियनसिपको प्रस्तावित मितिबारे छलफल गरेका थिए।

महासचिव राईले अगस्ट भदौ १३ गतेदेखि २५ गतेसम्म काठमाडौंमा साफ महिला च्याम्पियनसिप गर्ने मिति प्रस्ताव गरेका छन्। साफ महासचिव हेलालले प्रस्तावित मितिमा सकारात्मक रहेको बताएको एन्फाले जनाएको छ।


बंगलादेश जानुअघि महासचिव राईले साफ च्याम्पियनसिप नेपालमा आयोजना गर्न प्रस्ताव गर्नै बताएका थिए। उनले भनेका थिए, 'अघिल्लो संस्करण समेत हामीले नै आयोजन गरेका थियौं। यो पटकसमेत साफ नेपालमा आयोजना गर्न प्रस्ताव गर्ने निर्णय भएको छ। हामी नेपालमै ल्याउन प्रयास गर्नेछौं।

एन्फाले शनिबार हुने साफको कंग्रेसमा महिला साफ आयोजनाका लागि औपचारिक प्रस्ताव पेश गर्नेछ। साफको कंग्रेसले अनुमोदन गरेमा महिला साफ नेपालमा आयोजना हुनेछ। यो कंग्रेसले आगामी ४ वर्षका लागि नयाँ



कार्यसमिति चयन पनि गर्ने छ। उक्त कंग्रेसमा नेपालबाट न्यूरोड टिम (एनआरटी)का अध्यक्ष सुन्दरनरसिंह जोशीलाई उपाध्यक्षमा उम्मेदवार बनाउने निर्णय एन्फाले गरेको छ। साफको कंग्रेसमा नेपालबाट महासचिव राईसहित न्यूरोड टिमका अध्यक्ष सुन्दरनरसिंह जोशी र एन्फाका पूर्व सदस्य विकास नारायण श्रेष्ठ सहभागी छन्। नेपालले यस अघि पाँचौं संस्करणको महिला साफ आयोजना गरेको थियो। विराटनगरमा आयोजना भएको साफको उपाधि भारतले जितेको थियो। नेपाल फाइनलमा भारतसँग पराजित भएको थियो। उनीहरुबीच फुटबल विकास र क्षेत्रीय संघमा हुने फुटबलका विभिन्न पक्षका बारेमा पनि छलफल भएको थियो।

# दिवाकर घले यू-२० राष्ट्रिय फुटबल टोलीको म्यानेजर नियुक्त



**काठमाडौं/मस–** अखिल नेपाल फुटबल संघ (एन्फा)ले दिवाकर घले गुरुङलाई शुक्रबार यू-२० राष्ट्रिय टोलीको टिम म्यानेजरमा नियुक्त गरिएको छ। महावीर क्लबका अध्यक्ष समेत रहेका गुरुङले आगामी जुलाई २५ देखि अगस्ट ३ सम्म भारतमा हुने साफ यू-२० च्याम्पियनसिपमा टोलीको जिम्मेवारी सम्हाल्ने छन्।

उनले एएफसी यू-२० एसिया कप छनोटमा पनि टोलीलाई म्यानेजरका रुपमा रहेन्। सेप्टेम्बर १० देखि १८ सम्म बहराइनमा आयोजना हुनेछ। यू-२० प्रतियोगिताका लागि अहिले राष्ट्रिय टोली बन्द प्रशिक्षणमा छ। नेपालले साफ यू-२० च्याम्पियनसिपको आफ्नो पहिलो खेल जुलाई २५ मा माल्दिभ्ससँग खेल्नेछ भने दोस्रो खेल जुलाई २७ मा श्रीलंकासँग र ३१ मा भारतसँग खेल्नेछ।

नेपालले समूहको अन्तिम खेल अगस्ट २ मा बंगलादेशसँग खेल्नेछ। एएफसी यू-२० एसिया कप छनोटमा कतार, बहराइन, बंगलादेश र भुटानसँगै राष्ट्रिय यू-२० टोली पनि परेको छ। नेपालले आफ्नो पहिलो खेल सेप्टेम्बर १० मा भुटानसँग र दोस्रो खेल सेप्टेम्बर १२ मा कतारसँग खेल्नेछ भने तेस्रो खेल सेप्टेम्बर १४ मा बहराइनसँग र चौथो खेल सेप्टेम्बर १८ मा बंगलादेशसँग खेल्नेछ।

# भलिबल संघ बागमती प्रदेश गठन



**काठमाडौं/मस–** प्रथम बागमती प्रदेशस्तरीय भलिबल संघ गठन भएको छ। माधव केसीको अध्यक्षतामा भलिबल संघ बागमती प्रदेश गठन भएको हो। त्यस्तै संघको महासचिवमा सुदर्शन जमकटेल निर्वाचित भएका छन्। केसीको अध्यक्षतामा ४ वर्षका लागि १३ सदस्यीय कमिटी गठन भएको महासचिव जमकटेलले जानकरी दिए।

बागमती प्रदेशका १३ जिल्लाका प्रतिनिधिको उपस्थितिमा भलिबल संघ गठन गरिएको पनि उनले बताए। नेपाल भलिबल संघको पत्रअनुसार राष्ट्रिय खेलकुद परिषदको कानून बमोजिम उक्त कमिटी गठन भएको नवनिर्वाचित अध्यक्ष केसीले जानकारी दिए।

# कीर्तिपुर सेमिफाइनलमा



**काठमाडौं/मस–** कीर्तिपुर राष्ट्रव्यापी खेलकुदअन्तर्गत यु-२३ पुरुष बास्केटबल प्रतियोगितामा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेको छ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीअन्तर्गत केन्द्रीय बास्केटबल विभागद्वारा आयोजित प्रतियोगितामा कीर्तिपुरले बलर्स एकेडेमीलाई ७५-४९ ले पराजित गऱ्यो। कीर्तिपुरका इनाप महर्जनले १२ अंक जोडे।

टाइम्सले मेरिलियोनलाई ८७-५१, विशाल मिलन केन्द्र (बीएमके) ले आईएसए नेपाललाई ७७-६० र रोयलले जेभियरलाई १०३-६० ले हराए। टाइम्सका विजेश तामाङले २१, बीएमकेका दिप्सन केसीले १९ तथा रोयलका निकेश रखाल मगरले २७ स्कोर गरे

# राष्ट्रिय रेस्लिङ झापामा




**काठमाडौं/मस–** मदन भण्डारी स्पोर्ट्स एकेडेमीअन्तर्गत केन्द्रीय रेस्लिङ विभागको आयोजनामा चौथो राष्ट्रिय रिङ रेस्लिङ प्रतियोगितामा शनिबार झापामा हुने भएको छ।

नेपाल रिङ रेस्लिङको संयोजनमा हुन लागेको प्रतियोगिता कमलस्थित केरखा शहिद धर्मभक्त माविमा हुनेछ। प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको एकेडेमीका महासचिव पुरेन्द्रविक्रम लाखेले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। प्रतियोगितामा पुरुषमा ५ (एक टिमसहित) र महिलामा १ गरी ६ स्पर्धामा भिडन्त हुने नेपाल रिङ रेस्लिङ संघकी महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिइन्। पुरुषमा हेभिवेट च्याम्पियनले १ लाख २५ हजार, हार्डकोर विजेताले १ लाख, मिडिल वेट विजेताले ९५ हजार, लाइट वेट विजेताले ६० हजार र ट्याग टिम विजेताले ७५ हजार नगद पुरस्कार पाउने छन्। महिलामा च्याम्पियन बन्नेलाई ७० हजार नगदबाट पुरस्कृत गरिने छ।

प्रतियोगितामा नुवाकोटे टाइगर, डेभिड, चट्टान, साइन, योङ स्याडी, टुप्पी, ग्याङे, जोन, सिजे वर्ल्ड, बाका, तन्नु, आकृति, स्पाइडरम्यान, किङ रोबर्टलगायतले प्रतिस्पर्धा गर्ने छन्।

# प्रथम स्पोर्ट्स हब ओपन ब्याडमिन्टन प्रतियोगिता हुने

**काठमाडौं/मस–** स्पोर्ट्स हब नेपाल प्रा.लि.ले आगामी साउनमा प्रथम स्पोर्ट्स हब ओपन ब्याडमिन्टन प्रतियोगिता आयोजना गर्ने भएको छ। कपन लाखेपोखरीस्थित आयोजकको कभर्डहलमा शुक्रबार आयोजना गरिएको पत्रकार सम्मेलनमा प्रतियोगिता साउन ११ देखि १४ गतेसम्म हुने जानकारी दिइएको छ।

आयोजकले प्रतियोगितामा विभिन्न ७ विधा समावेश गरिएको जनाएको छ। त्यसमा जसमा सुपर भेट्रान्स ५५ वर्षमाथि, भेट्रान्स ४५ वर्षमाथि, अवकाश प्राप्त (देशी तथा विदेशी) आर्मी र पुलिस, पुरुष डबल्स (शीर्ष २० बाहेक), महिला एकल (शीर्ष २० बाहेक), ब्वाइज यू-१७, सुपर भेट्रान्स ५५ वर्षमाथि र स्थानीय स्तरको हुनेछ।

ब्याडमिन्टन खेलको विकासमा नयाँ पुस्तालाई आकर्षित गर्ने र प्रतिभावान खेलाडी उत्पादन गर्ने उद्देश्यले अण्डर-१७ लाई प्रतियोगितामा समावेश गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइयो। महिला खेलाडीहरूको संख्या थोरै हुने आंकलन गरी अण्डर-१७ गर्लको हकमा भने छुट्टै विधा नराखेको आयोजकले बताएको छ।

करिब १० लाख लागत रहेको प्रतियोगितामा पुरुष डबल्सको विजेताले ३५ हजार रुपैयाँ, दोस्रो हुनेले २० हजार र तेस्रो हुने टोलीलाई ७ हजार ५ सय पुरस्कार राखिएको छ। भेट्रान्स ४५ वर्षमाथिको विजेताले २५ हजार, दोस्रो हुनेले १५ हजार र तेस्रो हुनेलाई ५ हजार पाउने छन्। अवकाश प्राप्त, महिला एकल, ब्वाइज अण्डर -१७ र सुपर भेट्रान्सको विजेताले २० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। उक्त प्रतिस्पर्धामा दोस्रो हुनेले समान १० हजार र तेस्रो हुनेले समान ५ हजार रुपैयाँ, स्थानीय स्तरको विजेताले १५ हजार, दोस्रोले ८ हजार र तेस्रो स्थानमा आउनेले ४ हजार रुपैयाँ हात पार्ने स्पोर्ट्स हब नेपाल प्रालिले छ।

# नाडाल तेस्रो चरणमा



**काठमाडौं/एजेन्सी–** कीर्तिमानी ग्रान्डस्लाम उपाधि विजेता राफेल नाडालले बिहीबार राति लिथुनियाका रिकार्डस बेरान्किसलाई ३-१ को सेटमा हराउँदै विम्बल्डन टेनिसको तेस्रो चरणमा स्थान बनाएका छन्। दोस्रो वरीयताप्राप्त नाडालले सेन्टर कोर्टमा बेरान्किसलाई ६-४, ६-४, ४-६ र ६-३ को स्कोरमा हराए।

२२ पटक ग्रान्डस्लामको उपाधि जितिसकेका ३६ वर्षीय नाडालको यो ३०७औं ग्रान्डस्लाम जित हो। दुईपटक विम्बल्डन उपाधि जितेका नाडालले अब इटालीका लोरेन्जो सोनेगोविरूद्ध खेल्नेछन्।

चौथो वरीयताप्राप्त स्टेफानोस सिटसिपसले पनि तेस्रो चरणमा स्थान बनाएका छन्। सिटसिपसले अष्ट्रेलियाका जोर्डन थमसनलाई ६-२, ६-३ र ७-५ को स्कोरमा हराए। सिटसिपसले अब अष्ट्रेलियाकै निक केर्गिओसविरूद्ध खेल्नेछन्। केर्गिओसले फिलिप क्राजिनोभिकलाई ६-२, ६-३ र ६-१ को सेटमा हराएका थिए।

१२औं वरीयाताप्राप्त अर्जेन्टिनाका डिएको स्वार्टजमन भने दोस्रो चरणबाट बाहिरिए। उनी वाइल्ड कार्ड इन्ट्रीप्राप्त बेलायतका लियाम ब्रोडेसँग २-६, ६-४, ६-०, ६-७ (६/८) र १-६ को स्कोरमा पराजित भएका हुन्।

यस्तै, १३औं वरीयताप्राप्त डेनिस सापोभालोभ पनि दोस्रो चरणबाटै बाहिरिए। गत वर्ष सेमिफाइनल खेलेका सापोभालोभ अमेरिकाका ब्रान्डन नाकासिमासँग २-६, ६-४, १-६ र ६-७ (६/८) को सेटमा पराजित भएका हुन्।

# राष्ट्रव्यापी फुल कन्ट्याक्ट शुरु



**काठमाडौं/मस–** मदन भण्डारी स्पोर्ट्स एकेडेमीअन्तर्गत केन्द्रीय फुल कन्ट्याक्ट विभागको आयोजनामा राष्ट्रव्यापी खेलकुदअन्तर्गत राष्ट्रव्यापी फुल कन्ट्याक्ट कराते प्रतियोगिता शुक्रबारदेखि त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शुरु भएको छ।

प्रतियोगिताको राखेपका सदस्य-सचिव टंकलाल घिसिङले एक कार्यक्रमबीच उद्घाटन गरे। सो अवसरमा एकेडेमीका अध्यक्ष ध्रुव आचार्यलगायतको उपस्थिति थियो। प्रतियोगितामा १ सय ५० खेलाडीको सहभागिता रहेको प्रतियोगिता संयोजक सन्जु महर्जनले जनाएकी छन्। ७१ औं मदन जयन्तीका अवसरमा हुन लागेको प्रतियोगितामा पुरुषमा २ र महिलामा १ गरी ३ स्पर्धामा भिडन्त भइरहेको छ। पुरुष/महिला खुला र पुरुष ५५ केजीमुनि खेल भइरहेको छ। प्रत्येक तौलसमूहमा प्रिक्वाटरफाइनल खेल सम्पन्न भयो।

खुलाका विजेताले जनही ५० हजार र बाँकी १ तौलसमूहमा पहिलो हुनेले २५ हजार नगद पुरस्कार पाउने छन्।

# भरत र नवयुग सम्मानित





**काठमाडौं/मस–** नेपाली फुटबल खेलाडीद्धय नवयुग श्रेष्ठ र भरत खवास अमेरिकाको बाल्टिमोरमा सम्मानित भएका छन्। मेरिल्याण्डको स्टेट १० का डेलिगेट डाक्टर जे जेलेसीले सम्मान गरेका हुन्।

अमेरिकाको बाल्टिमोरमा हुन लागेको एनएसी फुटबल प्रतियोगितामा सहभागिता जनाउनका लागि भरत र नवयुग बिहिबार अमेरिका पुगेका हुन्। प्रतियोगिताको आयोजक मेरिल्याण्ड एथ्लेटिक क्लबले आयोजना गरेको कार्यक्रममा दुबैलाई नेपाली फुटबलमा पुर्याएको योगदानका लागि सम्मान गरेको हो। सोही कार्यक्रममा विभिन्न क्षेत्रबाट अमेरिकाको बाल्टिमोरमा सहयोग गरेका निकायका प्रतिनिधीलाई पनि सम्मान गरिएको छ।

यस्तै कार्यक्रममा सुदूरपश्चिम समाज बाल्टिमोरका युवा समाजसेवी तथा बानाका बोर्ड अफ डिरेक्टर र खेलकुद बिभागका उप-संयोजक बिक्रम शाही पनि सम्मानित भएका छन्। सम्मानित हुनेमा साथी बाल्टिमोरका अध्यक्ष रमेश भट्ट, सोहि संस्थाका क्रिकेट डाइरेक्टर उत्सब सिग्देल, बिश्व किरण थापा, सुमन क्षेत्रीसँगै एनआरएनए मेरिल्याण्ड च्याप्टरका सचिव प्रविण खड्कालाई पनि सोहि कार्यक्रममा सम्मान दिइएको हो। कार्यक्रममा एनआरएनए मेरिल्याण्ड च्याप्टरका अध्यक्ष राजु पराजुलीले एनएसी फुटबल प्रतियोगितामा सहभागिता जनाउन आएका सबै टिमका खेलाडीलाई स्वागत मन्तब्य दिएका थिए।

यस्तै एनआरएनए एनसीसी अमेरिकाका सचिव अनुप खनाललाई पनि बाल्टिमोरमा पुर्याएको योगदानको कदर गर्दै डिस्ट्रिक्ट ८ का डेलिगेट्स कार्ल ज्याक्सन, हेरी भण्डारी र जोसेफ सी बोट्लरले सम्मान गरे। यस्तै मेरिल्याण्डमा रहेको विभिन्न समाजका प्रतिनिधीलाई पनि सोहि कार्यक्रममा सम्मानित गरेको हो।

**कतारमा रोजगार** | कम्पनी : **THE COFFEE BEAN & TEA LEAF**
शहर : **DOHA**

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२७४ LT. No.: 266381

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४४,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 7 | 0 | | 1000 | ३४,४१० | | | | | | | |
| 3. | Waiter | 21 | 0 | | 1400 | ४८,१७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

ईजाजत न.: ४०७/०६०/०६१
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824
Mobile: 9847754585, 9808818854, E-mail: cm.birad@gmail.com

**कतारमा रोजगार** | १. कम्पनी: **CAFE ELEVEN ELEVEN**
शहर: **DOHA**

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२८० L.T. No.: 266325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1400 | ४८,१७४ | | | | | | | |

२. कम्पनी: **AL FAZA TRANSPORTATION** शहर: **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/१२/१७ चलानी नं.: ६०१७७०३५ L.T. No.: 260752 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 1700 | ५८,४९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २५ गते (9 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@gmail.com

# बक्स अफिस समाचार

# ‘साहित्य सिर्जनाले दिने खुसी र आनन्द अमूल्य’



मेरो जीवन पनि यस्तै भोगाई र बुझाईबाट नै दौडिरहेको छ । जीन्दगीका यी उकाली ओरालीहरुमा अनेकौ घटना परिघटनाहरुको सामना गर्दै जादा सायद म पनि कवि तथा गीतकार बने कि ? कहिले काहीँ म आफैं अचम्ममा पर्दछु ।

**लक्ष्मण पोखरेल/मध्यान्ह**
काठमाडौं, १७ असार

‘जीवन भोगाई र बुझाईको संयोग हो । जसले जीवनलाई सही ढंगबाट बुझ्न र अरुलाई बुझाउन सक्छ सायद त्यो जीवन सही अर्थमा सफल र सार्थक हुन्छ जस्तो लाग्छ मलाई । मेरो जीवन पनि यस्तै भोगाई र बुझाईबाट नै दौडिरहेको छ । जीन्दगीका यी उकाली ओरालीहरुमा अनेकौ घटना परिघटनाहरुको सामना गर्दै जादा सायद म पनि कवि तथा गीतकार बने कि ? कहिले काहीँ म आफैं अचम्ममा पर्दछु । रामेछापबाट काठमाडौं, काठमाडौंबाट अमेरिकासम्मको मेरो जीवनयात्रा एउटा घटना भनौं या परिघटना आजपरान्त पनि निरन्तर बगिरहेको छ । खै कहाँ गएर टुंगिने हो जीवनको यो यात्रा मलाई पनि थाहा छैन ।’ कवि तथा गीतकार सरला श्रेष्ठ यस्तै भोगाई र बुझाईबाट बनेको नाम हो ।

वि.सं. २०४४ सालमा यात्रा शुभाआरम्भ कविता संग्रह प्रकाशित गरेर नेपाली साहित्य क्षेत्रमा यात्रा आरम्भ गरेकी कवि गीतकार सरला श्रेष्ठका जीवन भोगाईका क्षणहरु त्यत्तिकै तिता र मिठा छन् । ६ वर्षको कलिलो उमेरमा रामेछामबाट हजुरआमाको पछि लागेर काठमाडौं आउँदाको क्षण होस् या १६ वर्षपछि जन्मथलोमा पाईला टेक्दाको क्षण होस् अथवा ३५ देखि अमेरिकामा बितिरहेको क्षणहरु हुन्, अनौठो लाग्छ उनलाई ।

उनी भन्छिन्, ‘जिन्दगीको यो गहिराईलाई खै कसरी व्याख्या गरुँ म कहिले काहीँ निशब्द बन्छु । २०४६ सालको आसपासमा कवि तथा साहित्यकार पारिजात, कृष्णाप्रसाद पराजुली, सिद्धिचरण श्रेष्ठ तुलसी दिवस, मंजुल जस्ता मुधन्य कवि साहित्यकारसगको सामिप्याताको क्षणले आफुलाई अहिले पनि गिजोल्ने गर्दछ । ति दिनहरुको कल्पना गर्दा कहिलेकाहीँ भावुक र उत्साहित दुबै हुन्छु । कवि तुलसी दिवसको प्रेरणाले पंध कविताबाट गंध कविता लेखनमा अग्रसर सरला महाकवि लक्ष्मीप्रसाद देवकोटा कवि शिरोमणि लेखनाथ पौडेलका कविताहरुबाट जति प्रभावित छन्, पारिजात मंजुल, तुलसी दिवस विष्णु विवुका कविताबाट पनि उक्ति कै प्रभावित छन् ।’

कविताबाट गीत लेख्ने प्रेरणा भने उनलाई कवि गीतकार कृण्णप्रसाद पराजुलीले दिएका रहेका छन् । उनलाई गीत रेकर्ड गर्ने सल्लाह भने साथी जुनु श्रेष्ठले दिएकी रहिछिन् । जुनु त्यो समयमा राम्रै गायिका पनि थिइन्, उनको रेडियो नेपालमा राम्रो सर्म्पक थियो । उनकै प्रेरणा पहलमा सरलाका चार वटा गीतहरु रेडियो नेपालमा रेकर्ड भएका थिए । जुनु श्रेष्ठको स्वरमा पहिलो पटक वि.स. २०४६ सालमा संगीतकार शुभबहादुरको संगीतमा ‘ए जुन तिमी किन उदास छौ आज म कति खुसी छु हेर’ बोलको गीत उनको रेकर्ड भएको पहिलो गीत हो । त्यसपछि गायिका जुनु श्रेष्ठकै स्वरमा नेवारीसहित केही गीत रकेर्ड गरेर अमेरिका प्रस्थान गरेकी सरला अहिले तिनै २०४५/४६ सालमा लेखेका गीतहरु धमाधमा रेर्कड गर्नमा व्यस्त छिन् ।

उनलाई यत्तिका लामो समयपछि गीत रेकर्ड गर्ने आफ्ना सिर्जनाहरुलाई दर्शक श्रोता माझ लैजान हुटहुटी भने विश्वव्यापी फैलिएको कोभिडका कारण भएको रहेछ । कोभिडकै समयमा संगीतकार कृति भट्टराईसँगको सम्पर्कले सरलाका गीतहरुले स्वर र संगीतहरु पाए । त्यसपछि विभिन्न गायक गायिका संगीतकारहरुले उनका गीतहरुमा संगीत दिए र गाए । दिप श्रेष्ठ, मदन कृण्ण श्रेष्ठ, अन्जु पन्त, प्रमोद खरेल, सत्यस्वरुपराज आचार्य, राज सिग्देल, मिलन नेवार, वानिका प्रधान, रचना रिमाल, प्रविण भेटवाललगायतका गायक गायिकाहरुले उनका गीतहरुमा आवाज दिइसकेका छन् । नारायण ओली, अर्जुन पोखरेल, कृति भट्टराई लगायतका संगीतकारले उनका गीतहरुमा संगीत दिएका छन् ।

सन् १९८९ अक्टोवर २४ मा उच्च शिक्षा अध्ययनका लागि अमेरिका प्रस्थान गरेकी कवि तथा गीतकार सरला पेसाले चिकित्सक हुन् । सामाजिक कार्यमा समेत उक्तिकै सक्रिय सरला गीतमा जीवन जगत र सौन्दर्य मन पराउँछिन् । पीडा र दुःखमा लेखेका गीतहरु कालजयी हुने उनको बुझाई रहेको छ । उनका गीतहरुमा आँसु हासो जीवन र सौन्दर्यहरु



भेटिन्छन् । कुनै घटनाहरुबाट प्रेरित भएर उनले थुपै गीत कविताहरु लेखेकी छन् । वि.स. २०४४/४५ साल तिर त्रिचन्द्र क्याम्पस पढ्दै गर्दा चेतना कार्कीको शब्द गोपाल योन्जनको ‘छोरीको कर्म हारेको कर्म’ बोलको गीत त्यो समय निकै चर्चामा थियो ।

उनी भन्छिन्, ‘जहाँ जता पनि त्यही गीत बज्थ्यो । मलाई त्यो गीत सुनेर सारै रिस उड्थ्यो अनि मैले त्यसको काउन्टरमा एउटा कविता लेखें ‘अधिकार बाँडिदेउ’ शीर्षकमा ‘छोरीको जन्म हारेको कर्म नभन हे आमा हे बाबा छोरीलाई मात्रै जिउने यहाँ अधिकार छैन र’ बोलको कविता लेखें ।’

त्यसैगरी हालै रेकर्ड भएको क्यान्सर पीडित दौलतबहादुर विष्टको जीवनमा आधारित गीत ‘जीन्दगीसँग लड्दा लड्दै घाइते भएको मान्छे शीखर चढ्ने रहरमा आधार शिविर झरेको मान्छे’ जस्ता गीत कविता लेखेको बताउने सरला गीत लेखनसँगै सामाजिक कार्यमा पनि उक्ति सक्रिय छिन् । तुलसा हरिहर फाउन्डेशन लगायतका संघसस्थामार्फत दुखी गरिब असहाय रोगीहरुलाई सहयोग गर्दै आएकी सरलाले क्यान्सर पीडित विरामी स्व. दौलतबहादुर विष्टको परिवारलाई नियमित सहयोग गर्दै आइरहेकी छन् ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको अध्यक्षसमेत भइसकेकी कवि गीतकार सरला श्रेष्ठको नयाँ कविता संग्रह नेपाली र अँग्रेजी भाषामा बजारमा आउँदैछ । वि.स. २०४० सालको आसपासबाट कविता लेख्न थालेको बताउने कवि गीतकार सरलाको स्कुले जीवन काठमाडौंको क्रान्ति ईश्वरी राज्यलक्ष्मी मावि प्याफलबाट र विएसी त्रिचन्द क्याम्पसबाट सम्पन्न भएको हो । कविता गीत लेखनसँगै सामाजिक कार्यमा सकृय कवि तथा गीतकार सरलाको उद्देश्य अरु केही छैन । भन्छिन्, ‘साहित्य सिर्जनाले दिने खुसी र आनन्द सायद अन्त कतैबाट नमिल्ने रहेछ । अबको बाँकी जीवन समाज सेवा र कविता गीत लेखेरै बिताउने मेरो इच्छा रहेको छ ।’

# प्रचण्डसँग राजेश हमालको भेट

अभिनेता राजेश हमाल भने राजनीतिक भेटघाटमा जुटेका छन् । उनले शुक्रवार विहान नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’सँग भेट गरेका हुन् ।

प्रचण्डको निवास खुमलटारमा भएको भेटमा उनीहरुबीच समसामयिक राजनीतिक अवस्था र फिल्म क्षेत्रको विषयमा कुराकानी भएको फिल्म निर्माता तथा संगीतकार चेतन कार्कीले जानकारी दिए । प्रचण्ड र हमाललाई भेट गराउने पूलको काम चेतनले नै गरेका हुन् । उनी माओवादीका नेता समेत हुन् । प्रचण्ड र हमालले आमने-सामने भएर कुराकानी गर्दा चेतन पनि साथमा थिए ।

प्रचण्डसँगको भेटमा राजेश हमालले आफ्नो राजनीतिप्रति चासो रहेको बताउँदै भविष्यमा राजनीतिमा आउन सक्ने संकेत गरेको जानकारी प्राप्त छ । प्रचण्डले पनि हमाललाई राजनीतिमा आउन आग्रह गरेका थिए । प्रचण्ड र हमालको यो पहिलो औपचारिक भेटघाट हो । विकास बोर्ड अध्यक्षविहीन रहेको अवस्थामा हमाल राजनीतिक भेटघाटमा जुट्नुलाई अर्थपूर्ण रुपमा हेर्न सकिन्छ ।

बौद्धिक अभिनेताको रुपमा चिनिने हमाललाई देशका अधिकांश राजनीतिक दलहरुले आफ्नो पार्टीमा ल्याउन विभिन्न प्रलोभनको कार्ड फ्याकिरहेका छन् । राजनीतिक दलहरु उनलाई पार्टीमा भित्राएर भोट र भीड बटुल्न चाहन्छन् । तर, हमाल अहिलेसम्म कुनै पनि राजनीतिक पार्टीप्रति खुलेका छैनन् । यतिबेला उनलाई रवि लामिछानेले आफ्नो पार्टीमा ल्याउन कसरत गरिरहेको चर्चा छ ।



# पुष्प र श्रद्धाको प्रेमिल रुप




**काठमाडौं/मस-** फिल्म ‘कृष्ण लीला’का केही पोस्टरहरु सार्वजनिक भएको छ । प्रदर्शन मिति घर्किंदै गर्दा प्रचार-प्रसारलाई तीव्र बनाएको निर्माण टिमले शुक्रवार फिल्मका केही प्रेमिल पोस्टरहरु सार्वजनिक गरेको हो । अभिनेता पुष्प खड्का र अभिनेत्री श्रद्धा क्षेत्रीलाई केन्द्रमा राखिएको पोस्टरमा उनीहरुको प्रेम छल्किएको छ । एउटा सपना बोकेर हिँडेकी युवती सुस्त मनस्थिति भएको युवकसँग प्रेममा डुबेपछि आउने उतार-चढावलाई फिल्मले प्रस्तुत गरेको छ ।

दीपक वली निर्देशित फिल्ममा बुद्धि तामाङ, रबिन्द्र झा, भावना गुरुङ, नवीन रेग्मी, हिउँवाला गौतम, आयुष गुरागाईलगायतको पनि अभिनय छ । शिव ढकालको छायांकन, अर्जुन जिसीको सम्पादन, बाबुल गिरी र अर्जुन पोखरेलको संगीत, माइकल चन्द र रामजी लामीछानेको कोरियोग्राफी, लक्ष्मण सुवेदीको कथा लेखन, श्री श्रेष्ठको द्वन्द्व रहेको फिल्मका प्रस्तुतकर्ता रोहित कट्टेल हुन् ।

रत्न श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्मको निर्मातामा प्रकाश राज कार्की र केवल तामाङ छन् भने पिताम्बर आचार्य र रोजन श्रेष्ठ सह-निर्मातामा छन् । फिल्ममा आफ्नो चरित्रबारे पुष्प भन्छन्, ‘फिल्ममा मैले निर्वाह गरेको अटिज्म क्यारेक्टर हो । उमेरले बढी भए पनि उसको व्यवहार, बोल्ने, हिँड्ने र सोच्ने क्षमता कमजोर छ । यसकारण मेरो क्यारेक्टर दर्शकलाई केही फरक लाग्नेछ ।’

आगामी भदौ ३ गते (कृष्ण अष्टमी) बाट प्रदर्शनमा आउन लागेको प्रेमकथानक फिल्म ‘कृष्ण लीला’ गीत-संगीतका कारण चर्चामा छ । फिल्ममा समावेश ‘कुनै दिन त्यो कथामा’ बोलको रोमान्टिक गीतले लोकप्रियता हासिल गरिसकेको अवस्थामा एक हप्ताअघि सार्वजनिक गरिएको ‘ए मेरो हजुर’ गीतले पनि दर्शकको मन जितेको छ । गीतले फिल्मको व्यापारमा ठूलो राहत दिने देखिन्छ ।


के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।

हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५



प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय, ठिनी, मुगु
कर्णाली प्रदेश, नेपाल

मुगुबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी नगरबासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरु
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**